# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक १ गते २०३४ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

कानून आयोगद्वारा प्रस्तावित "अपराध कार्यविधि संहिता" को मसौदा उपर सर्वसाधारण जनता, कानून व्यवसायी र सरकारी कार्यालय तथा अड्डाहरूको राय बुझिआएपछि आवश्यक भएमा संशोधन समेत गरी अन्तिम रूप दिनको लागि उक्त संहिताको मसौदा प्रकाशित गरिएको छ। उक्त मसौदामा संशोधन गर्नु पर्ने देखिएका सम्बन्धमा आफ्नो राय यो नेपाल राजपत्र प्रकाशित भएको ९० (नब्बे) दिनभित्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाउन सर्वसाधारण जनता, कानून व्यवसायी तथा सरकारी कार्यालय र अड्डाहरूलाई अनुरोध गरिन्छ।

"अपराध कार्यविधि संहिता २० . . . ."

अपराधको तहकीकात र फौजदारीमुद्दाको कार्यविधिसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

### मसौदा

प्रस्तावना: अपराधको तहकीकात र फौजदारी मुद्दाको कार्यविधिसम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल संहिताको व्यवस्था गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २४२

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यो ऐनको नाम "अपराध कार्यविधि संहिता २०३..." रहेको छ ।

(२) यो ऐन .. .. ........ ... २०३ ..... .... .... गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो संहितामा–

(क) "मुद्दा" भन्नाले फौजदारी मुद्दालाई सम्झनुपर्छ ।

(ख) "फौजदारी मुद्दा" भन्नाले अपराध संहिता अन्तर्गतको मुद्दा सम्झनुपर्छ र सो शब्दले देहायको विषयसम्बन्धी मुद्दा बाहेक अन्य मुद्दालाई समेत जनाउँछ :–

(१) कुनै पद वा सम्पत्ति उपरको हक वा भोगसम्बन्धी विषय, वा

(२) कुनै नाता वा हैसियत कायम गर्ने वा विच्छेद गर्ने विषय, वा

(३) सन्धीसर्पनसम्बन्धी विषय, वा

(४) धार्मिक रितिस्थितिको पालन गर्ने वा धार्मिक पूजा गर्ने गराउने हक-सम्बन्धी विषय, वा

(५) दस्तूर, पारिश्रमिक, तलब, भत्ता, ज्याला, क्षतिपूर्ति, जिउनी वा पालन पोषणको हकसम्बन्धी विषय, वा

(६) कुनै करारअन्तर्गतको कुनै हक वा दावीसम्बन्धी अन्य कुनै विषय ।

(ग) "अदालत" भन्नाले मुद्दा हेर्ने अन्य अधिकारी समेतलाई जनाउँछ ।

(घ) "न्यायाधीश" भन्नाले मुद्दामा निर्णय दिने अधिकार प्राप्त व्यक्ति स[illegible] पर्छ ।

(ङ) "श्री ५ को सरकारको सम्बन्धित कार्यालय" भन्नाले देहायको अवस्थामा देहायको कार्यालयलाई सम्झनुपर्छ :

(१) कुनै अपराधको सम्बन्धमा मुद्दा हेर्ने र सजाय गर्ने अधिकार प्रचलित नेपाल कानूनले श्री ५ को सरकारको कुनै कार्यालय वा त्यस्ता कार्यालयको कुनै अधिकृतलाई प्रदान गरेकोमा सो अपराधको सम्बन्धमा सो कार्यालयलाई, र

(२) सोबमोजिम कुनै कार्यालय वा अधिकृतलाई अधिकार प्रदान नभएकोमा प्रमुख जिल्ला अधिकारीको कार्यालयलाई ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "ठाउँ" भन्नाले घर, पाल, सवारीको साधन, डुङ्गा, विमान समेतलाई सम्झनुपर्छ।

३. बचाउ : (१) सैनिक अदालतको अधिकार क्षेत्रभित्रको कुनै कुरामा यो संहिता लागू हुने छैन।

(२) यो संहितामा किटानीसाथ अन्यथा उल्लेख भएकोमा बाहेक, कुनै प्रचलित नेपाल कानूनमा कुनै अपराधको तहकीकात, पुर्पक्ष वा अन्य कुनै कारवाई वा मुद्दा हेर्ने अधिकारक्षेत्र-को सम्बन्धमा कुनै विशेष व्यवस्था भएको रहेछ भने सो कानूनमा व्यवस्था भएजति कुरामा सोही कानूनबमोजिम हुनेछ।

## परिच्छेद–२

## अपराधको सूचना र तहकीकात

४. अपराधको सूचना : (१) देहायको कुनै अपराध भएको छ वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले यथाशीघ्र सो कुराको सूचना स्थानीय प्रहरी कार्यालयमा दिनुपर्छ :–

(क) अपराध संहिताको परिच्छेद ४ अन्तर्गत सजाय हुने राजकाजसम्बन्धी अपराध,

(ख) अपराध संहिताको परिच्छेद ५ को दफा ५०, ५१, ५३, ५४ वा ५८ अन्तर्गत सजाय हुने सार्वजनिक शान्ति विरुद्धको अपराध,

(ग) अपराध संहिताको परिच्छेद ६ को दफा १०२, १०४, १०५, १०६, १०९ वा ११९ अन्तर्गत सजाय हुने सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धको अपराध,

(घ) अपराध संहिताको परिच्छेद १० को दफा १२४, १२५, १२६, १२७, १२८ वा १२९ अन्तर्गत सजाय हुने ज्यानसम्बन्धी अपराध,

(ङ) अपराध संहिताको परिच्छेद १६ को दफा १५५ को उप-दफा (१), दफा १५७ को खण्ड (क), दफा १५९, १६० वा १६१ अन्तर्गत सजाय हुने चोरी, आपराधिक करकाप वा डकैतीको अपराध,

(च) अपराध संहिताको परिच्छेद १७ को दफा १६५ अन्तर्गत सजाय हुने ठेक्काको काम फरक पारेको अपराध वा सोही परिच्छेदको दफा १६९ को खण्ड (क) अन्तर्गत सजाय हुने कुनै सार्वजनिक संस्थाको व्यवस्थापक वा प्रवन्धकले गरेको आपराधिक विश्वासघातको अपराध,

(छ) अपराध संहिताको परिच्छेद १८ को दफा १७४ को खण्ड (क) वा (ख) अन्तर्गत सजाय हुने विजाईको अपराध,

(ज) अपराध संहिताको परिच्छेद २० को दफा १८८ ,१८९ वा १९० अन्तर्गत सजाय हुने मुद्दासम्बन्धी अपराध,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) अपराध संहिताको परिच्छेद २१ को दफा १६६ अन्तर्गत सजाय हुने टिकट-सम्बन्धी अपराध,

(ञ) माथि उल्लिखित कुनै अपराधको उद्योग, दुरूत्साहन वा आपराधिक षड्–यन्त्र गरेको वा त्यस्तो कुनै अपराधमा मतियार भएको अपराध।

(२) कुनै व्यक्तिले कुनै प्रहरी कार्यालयमा अनुसूची १ मा उल्लिखित कुनै अपराधको सूचना दिन आएमा सो कार्यालयको मुख्य प्रहरी कर्मचारीले यथासम्भव देहायका कुराहरू खुलाई सो सूचनाको सबै व्यहोरा लेखी वा लेख्न लगाई सूचना दिने व्यक्तिको सहीछाप गराउनुपर्छ र त्यसको छोटकरी व्यहोरा श्री ५ को सरकारले तोकिदिएबमोजिमको दर्ता किताबमा दर्ता गरी आफ्नो सहीछाप गर्नुपर्छ :–

(क) अपराध भएको वा हुने सम्भावना भएको समय, मिति र स्थान,

(ख) अपराध गर्ने व्यक्ति वा व्यक्तिहरूको पूरा नाम र ठेगाना,

(ग) अपराधको प्रकृति र अन्य विवरण, र

(घ) तत्सम्बन्धी प्रमाण।

(३) कुनै प्रहरी कर्मचारीले उप-दफा (२) बमोजिम अपराधसम्बन्धी सूचना दर्ता गर्न इन्कार गरेमा अपराधको सूचना दिने व्यक्तिले तत्सम्बन्धी सबै कुरा लिखित रूपमा सोभन्दा माथिल्लो प्रहरी अधिकृतसमक्ष पठाउन वा दिन सक्नेछ। त्यस्तो सूचना प्राप्त भएमा सो प्रहरी अधिकृतले उप-दफा (२) बमोजिम त्यसलाई दर्ता गर्न सम्बन्धित प्रहरी कर्मचारीलाई आदेश दिनुपर्छ।

५. <u>प्रमाण लोप वा नाश हुन नदिन र अपराधी उम्कन नपाउने व्यवस्था गर्ने</u> : (१) कुनै प्रहरी कर्मचारीले अनुसूची १ मा उल्लिखित कुनै अपराध भएको वा हुन लागेको जानकारी पाएमा निजले यथाशीघ्र अपराधलाई रोक्ने, अपराधसंग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिने र अपराधी उम्कन नपाउने व्यवस्था गर्नुपर्छ। तत्सम्बन्धमा तत्कालै कारवाई नगरेमा अपराध नहुने, वा अपराधसंग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुने वा अपराधी उम्कने सम्भावना भएमा सो प्रहरी कर्मचारीले आवश्यकतानुसार अर्को प्रहरी कार्यालयको क्षेत्रमा समेत गै त्यस सम्बन्धमा आवश्यक कारवाई गर्न हुन्छ।

तर सोबमोजिम अर्को प्रहरी कार्यालयको क्षेत्रमा कुनै कारवाई गरेकोमा त्यसको सूचना यथासम्भव चाँडो सो प्रहरी कार्यालयलाई दिनुपर्छ।

(२) कुनै प्रहरी कर्मचारीले कुनै अपराधलाई रोक्न, अपराधसंग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिन वा अपराधीलाई पक्राउ गर्न कुनै व्यक्तिसंग मद्दत मागेमा निजलाई मद्दत गर्नु त्यस्तो व्यक्तिको कर्तव्य हुनेछ।

६. <u>तहकीकात गरी प्रमाण संकलन गर्ने</u> : (१) दफा ४ बमोजिमको सूचना वा अन्य कुनै स्रोतबाट कुनै प्रहरी थानाको क्षेत्रभित्र अनुसूची १ मा उल्लिखित कुनै अपराध भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जानकारी प्राप्त भएमा सो थानाको कम्तीमा सहायक निरीक्षक दर्जाको प्रहरी अधिकृतले यथाशीघ्र त्यसको तहकीकात गरी प्रमाण संकलन गर्नुपर्छ ।

(२) कुनै अपराधको सूचना प्राप्त भएपनि तहकीकात गर्ने निरर्थक देखिएमा सम्बन्धित प्रहरी अधिकृतले अपराधको सूचना दिने व्यक्तिलाई सो कुरा लिखित रूपमा सूचित गर्नु पर्छ र अनुसूची २ मा उल्लिखित अपराधको सम्बन्धमा भए सरकारी अभियोक्ताको कार्यालयमा र अनुसूची १ मा उल्लिखित अन्य कुनै अपराधको सम्बन्धमा भए श्री ५ को सरकारको सम्बन्धित कार्यालयमा सो कुरा उल्लेख गरी प्रतिवेदन पठाउनुपर्छ ।

(३) उप-दफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि त्यसको छानवीन गरी सरकारी अभियोक्ता वा सम्बन्धित कार्यालयले आवश्यक देखेमा अपराधको तहकीकात गर्न सम्बन्धित प्रहरी अधिकृतलाई आदेश दिन सक्नेछ ।

७. प्रारम्भिक प्रतिवेदन पठाउने : दफा ६ को उप-दफा (१) बमोजिम कुनै अपराधको तहकीकात शुरू गर्नुभन्दा पहिले तहकीकात गर्ने प्रहरी अधिकृतले यथासम्भव निम्नलिखित कुराहरू खुलाई अनुसूची २ मा उल्लिखित अपराधको सम्बन्धमा भए सम्बन्धित सरकारी अभियोक्ताको कार्यालयमा र अनुसूची १ मा उल्लिखित अन्य कुनै अपराधको सम्बन्धमा भए श्री ५ को सरकारको सम्बन्धित कार्यालयमा अपराधसम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनुपर्छ र सरकारी अभियोक्ता वा त्यस्तो कार्यालयले तत्सम्बन्धमा कुनै निर्देशन दिएमा सो निर्देशनको समेत पालन गरी अपराधको तहकीकात गर्नुपर्छ ।

८. अन्य प्रहरी थानाको क्षेत्रभित्रको अपराध भए सो थानालाई सूचना दिने : कुनै प्रहरी कार्यालयमा अनुसूची १ मा उल्लिखित कुनै अपराधको सम्बन्धमा प्राप्त भएको कुनै सूचनाको व्यहोराबाट सो अपराध अन्य प्रहरी थानाको क्षेत्रभित्र भएको देखिएमा सो थानालाई यथाशीघ्र सो कुरा सूचित गर्नुपर्छ र आवश्यकतानुसार अपराधको सूचना दिने व्यक्तिलाई पनि सो थानामा उपस्थित हुने आदेश दिनुपर्छ ।

मुचुल्का तयार गर्दा, तलाशी लिंदा वा लाश जाँच गर्दा रोहवरमा राख्ने व्यक्तिहरू : कुनै अपराधको तहकीकातको सिलसिलामा कुनै ठाउँका वस्तुस्थितिसम्बन्धी मुचुल्का तयार गर्दा, वा कुनै व्यक्ति वा ठाउँको तलाशी लिंदा वा लाश जाँच गर्दा कम्तीमा दुईजना स्थानीय व्यक्तिहरू र यथासम्भव स्थानीय पञ्चायतको वडा सदस्य, अभियुक्त र अपराधको सूचना दिने व्यक्तिलाई समेत रोहवरमा राखी गर्नुपर्छ ।

१०. अपराध भएको ठाउँको वस्तुस्थितिसम्बन्धी मुचुल्का : (१) कुनै अपराधको सम्बन्धमा सो अपराध भएको ठाउँ वा त्यसको वरपरको वस्तुस्थितिबाट कुनै महत्वपूर्ण जानकारी प्राप्त हुन सक्ने देखिएमा तहकीकात गर्ने प्रहरी अधिकृतले यथासम्भव निम्नलिखित कुराहरू खुलाई तत्सम्बन्धी मुचुल्का तयार गर्नुपर्छ :–

(क) अपराध भएको ठाउँको वर्णन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सो ठाउँको वस्तुस्थिति तथा अपराध वा अपराधीसंग त्यसको सम्बन्ध, र

(ग) अपराध भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको अन्य कुनै उल्लेखनीय कुरा।

(२) उप-दफा (१) बमोजिम वस्तुस्थितिसम्बन्धी मुचुल्का तयार गर्नको अतिरिक्त तहकीकात गर्ने प्रहरी अधिकृतले यथासम्भव सो ठाउँको र सो ठाउँमा देखिए वा पाइएको औंला, हात, खुट्टाको चिह्न वा अन्य कुनै महत्वपूर्ण कुराको फोटो समेत लिन वा लिन लाउनुपर्छ।

११. सोधपूछ : कुनै अपराधको सम्बन्धमा शङ्कास्पद देखिएको व्यक्तिलाई र तत्सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिब कारण भएको व्यक्तिलाई तहकीकात गर्ने प्रहरी अधिकृतले सो व्यक्ति रहे बसेको ठाउँमा गै वा निजलाई आफूसमक्ष उपस्थित हुने लिखित आदेश दिई सो अपराधको सम्बन्धमा मौखिक सोधपूछ गर्न सक्नेछ।

तर कुनै नाबालक, महिला वा हिंडडुल गर्न असमर्थ भएको कुनै व्यक्तिसंग सोधपूछ गर्नु परेमा त्यस्तो व्यक्ति रहे बसेकै ठाउँमा गै सोधपूछ गर्नुपर्छ।

१२. सोधिएको प्रश्नको सही जवाफ दिनुपर्ने : कुनै प्रहरी अधिकृतले यो परिच्छेदबमोजिम तहकीकात गर्न लागेको कुनै अपराधको सम्बन्धमा सोधेको प्रश्नको जाने बुझेसम्म सही जवाफ दिनु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ।

तर आफू उपर कुनै अपराधको अभियोग लाग्न सक्ने किसिमको जवाफ दिन कुनै व्यक्तिलाई कर लाग्ने छैन।

१३. प्रहरीसमक्ष दिएको बयानको अभिलेख र त्यसको उपयोग : (१) यो परिच्छेदबमोजिम तहकीकातको सिलसिलामा सोधपूछ गरिएको व्यक्तिले प्रहरी अधिकृतसमक्ष दिएको बयान अभिलेख गरिएको भए पनि सो अभिलेखमा सहीछाप गर्न बयान दिने व्यक्तिलाई बाध्य गराइने छैन।

(२) प्रहरीसमक्ष बयान दिने व्यक्तिलाई साक्षीको रूपमा उपस्थित गराइएको भए सो बयान वा बयानको कुनै अंश अभियुक्तले र अदालतको अनुमती लिएर उजूरवालाले पनि सो साक्षीले अदालतमा गरेको बयानलाई खण्डन गर्ने प्रयोजनको लागि उपयोग गर्न हुन्छ। सोबमोजिम कुनै साक्षीको बयान खण्डन गर्नुभन्दा पहिले प्रहरीसमक्ष निजले दिएको बयानतर्फ निजको ध्यान आकर्षित गर्नुपर्छ।

(३) उप-दफा (२) बमोजिम कुनै बयानलाई उपयोग गरिएमा जिरहमा उठाइएको तत्सम्बन्धी कुनै कुरा स्पष्ट गर्ने प्रयोजनको लागि सो बयानलाई साक्षीको पुनःपरीक्षणमा पनि उपयोग गर्न सकिनेछ।

१४. तलाशी : (१) यो परिच्छेदबमोजिम आफूले तहकीकात गर्न लागेको अपराधसम्बन्धी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै प्रमाण कुनै व्यक्तिसंग वा कुनै ठाउँमा छ भन्ने शङ्का गर्ने कुनै मनासिव कारण भएमा तहकीकात गर्ने प्रहरी अधिकृतले त्यस्तो व्यक्ति वा ठाउँको तलाशी लिन सक्नेछ।

तर–

(क) कुनै महिलाको जिउको तलाशी लिनु पर्दा कुनै महिलाद्वारा नै लिन लगाउनु पर्छ।

(ख) मानिस बसोबास गरेको कुनै घरको तलाशी लिनु परेमा सूर्योदयदेखि सूर्यास्त-सम्मको समयमा मात्र लिनपर्छ र तलाशी लिन घरभित्र पस्नुभन्दा पहिले तलाशी लिनु परेको कारण खोली सो घरमा तत्काल बसोबास गरी रहेको व्यक्ति-लाई सूचना दिनपर्छ।

(२) तलाशी लिन उप-दफा (१) बमोजिम कुनै घर वा कुनै बन्द ठाउँमा प्रवेश गर्न खोज्दा सो घर वा ठाउँमा स्वामित्व भएको वा सो घर वा ठाउँको हेरविचार गर्ने जिम्मा लिएको वा तत्काल बसोबास गरिरहेको व्यक्तिले ढोका खोली नदिएमा तलाशी लिने प्रहरी अधिकृतले सो घर वा ठाउँको झ्याल, ढोका, छाना, भित्ता इत्यादि कुनै कुरा तोडी वा फोडी भित्र प्रवेश गर्न हुन्छ। कुनै घर वा कुनै बन्द ठाउँको तलाशी लिएर बाहिर निस्कन खोज्दा कुनै कारणवश साधारण रूपमा बाहिर निस्कन नसकिने अवस्था भएमा तलाशी लिन भित्र गएको कुनै व्यक्तिले सो घर वा ठाउँको झ्याल, ढोका, छाना, भित्ता इत्यादि कुनै कुरा तोडी वा फोडी बाहिर निस्कन हुन्छ।

(३) तलाशी गर्ने प्रहरी अधिकृत र निजको मद्दतको लागि तलाशीको काममा खटिएका अन्य कर्मचारीहरू तथा दफा ६ बमोजिम रोहवरमा रहेका व्यक्तिहरूले लगाएको लुगा र तलाशीको काममा उपयोग गरिने चिजहरू बाहेक अरू कुनै चीज साथमा नलिई तलाशी लिने काम गर्नुपर्छ र सम्बन्धित व्यक्तिले चाहेमा तलाशीको काम शुरू हुनुभन्दा पहिले त्यस्तो कुनै अधिकृत, कर्मचारी वा अन्य व्यक्तिको जीउको तलाशी लिन सक्नेछ।

(४) कुनै व्यक्तिको स्वामित्व वा जिम्मामा रहेको कुनै ठाउँको तलाशी लिंदा सो व्यक्तिले रोहवरमा बस्न चाहेमा निजलाई रोहवरमा राखी तलाशी लिनुपर्छ।

(५) तलाशी लिनु पर्ने ठाउँ अन्य प्रहरी थानाको क्षेत्रमा भए तहकीकात गर्ने प्रहरी अधिकृतले सो थानालाई त्यस्तो व्यक्ति वा ठाउँको तलाशी लिन लिखित अनुरोध गर्न सक्नेछ र सो थानाको कम्तीमा सहायक निरीक्षक दर्जाको प्रहरी अधिकृतले यो दफाबमोजिम त्यस्तो व्यक्ति वा ठाउँको तलाशी लिई उप-दफा (६) बमोजिम तयार भएको मुचुल्का तहकीकात गर्ने प्रहरी अधिकृतकहाँ पठाइदिनुपर्छ।

तर सोबमोजिम लेखेर पठाउन्जेल कुनै प्रमाण लोप वा नाश हुने सम्भावना छ भन्ने विश्वास गर्नु पर्ने कुनै मनासिव कारण भएमा तहकीकात गर्ने प्रहरी अधिकृतले आफै तलाशी लिनु पर्ने ठाउँमा गई यो दफाबमोजिम तलाशी लिन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) तलाशी लिंदा पाइएको अपराधसंग सम्बन्धित चीजको विवरण र त्यस्तो चीज पाइएको ठाउँ र अवस्था खुलाई तलाशी लिने अधिकृतले दुई प्रति मुचुल्का तयार गरी एक प्रति सम्बन्धित व्यक्तिलाई दिन र एक प्रति मिसिल सामेल राख्नुपर्छ। त्यस्तो कुनै चीज निजले आफ्नो साथमा लिई जान चाहेमा सम्बन्धित व्यक्तिलाई त्यसको भरपाई दिई लैजान हुन्छ।

(७) उप-दफा (६) बमोजिम तयार भएको मुचुल्काको नक्कल अभियुक्तले लिन चाहेमा कुनै दस्तूर नलिई दिनुपर्छ।

१५. लाश जाँच: (१) कुनै प्रहरी थानाको क्षेत्रभित्र कुनै व्यक्ति दुर्घटना भई वा आत्महत्या गरी वा शङ्कास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा सो थानाको कम्तीमा सहायक निरीक्षक दर्जाको प्रहरी अधिकृतले यथाशीघ्र लाश रहेको ठाउँमा गई लाशको जाँज गरी यथासम्भव निम्नलिखित कुराहरू खुलाई मुचुल्का तयार गर्नुपर्छ र सम्भव भए लाशको र सम्बन्धित ठाउँको फोटो समेत खिच्नुपर्छ:–

(क) लाशको सनाखत हुने विवरण,
(ख) लाश रहेको ठाउँ र लाशको अवस्था,
(ग) लाशमा कुनै घाउ, चोट, निल वा डाम देखिएमा ठाउँ, संख्या, लम्बाइ, चौडाइ, गहिराइ समेतको प्रत्येक घाउ ,चोट, निल वा डामको विवरण,
(घ) मृत्यु गराउने सम्भावित साधन र लाशमा देखा परेका तत्सम्बन्धी लक्षणहरू,
(ङ) मृत्युको कारण थाहा पाउन सहायता हुने लाशमा देखिएको अन्य कुनै लक्षण, र
(च) अन्य उल्लेखनीय कुरा।

(२) उप-दफा (१) बमोजिम लाश जाँच गर्दा कुनै अपराधको फलस्वरूप वा शङ्कास्पद स्थितिमा मृत्यु भएको देखिन आएमा सम्बन्धित प्रहरी अधिकृतले सो लाशलाई जाँचको निमित्त सरकारी चिकित्सकसमक्ष पठाउनुपर्छ।

तर लाश सडी त्यसको जाँच गर्न नसकिने अवस्था भएमा सम्बन्धित प्रहरी अधिकृतले सो कुरा खुलाई मुचुल्का खडा गरी यो उप-दफाबमोजिम कारवाई नगरे पनि हुन्छ।

(३) यो दफाबमोजिम लाश जाँच भैसकेपछि वा उप-दफा (२) को प्रतिवन्धात्मक वाक्यांशबमोजिम मुचुल्का खडा भएपछि सम्बन्धित प्रहरी अधिकृतले लाश हकवालालाई बुझाउनुपर्छ। हकवालाले बुझी नलिएमा वा कुनै हकवालाले खडा नभएमा सम्बन्धित प्रहरी अधिकृतले सरकारी खर्चमा लाशको सद्गत गराउनुपर्छ।

१६. रगत, वीर्य इत्यादि जाँच गर्ने वा गराउने: (१) अपराधको प्रकृतिबाट पक्राउमा परेको व्यक्तिको रगत,वीर्य वा शरीरको कुनै अङ्ग वा अन्य कुनै कुराको जाँच गरिएमा अपराध-सम्बन्धी प्रमाण उपलब्ध हुन सक्तछ भन्ने विश्वास गर्ने मनासिव आधार भएमा तहकीकात

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने प्रहरी अधिकृतले सम्बन्धित सरकारी चिकित्सकद्वारा त्यस्ता कुनै कुराको जाँच गराउन सक्नेछ र तत्सम्बन्धमा आवश्यक भएमा सो प्रहरी अधिकृत वा सरकारी चिकित्सकले मनासिब माफिकको बल प्रयोग गर्न सक्नेछ ।

तर कुनै महिलाको शारीरिक जाँच गर्नु परेमा कुनै महिला चिकित्सकद्वारा वा पुरूष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गर्नु गराउनुपर्छ ।

(२) तहकीकातको सिलसिलामा थुनिएको व्यक्तिलाई कुटपिट गरिएको वा निजको विरूद्ध अरू कुनै अपराध भएको प्रमाण निजको शारीरिक जाँचबाट उपलब्ध हुन सक्तछ भन्ने कुरा मनासिब आधार देखाई निजले वा निजको तर्फबाट अरू कसैले निवेदनपत्र दिएमा अदालतले सरकारी चिकित्सक वा निवेदकको खर्चमा निजले रोजेको योग्यता प्राप्त चिकित्सकबाट त्यस्तो व्यक्तिको शारीरिक जाँच गराउनुपर्छ ।

१७. विशेषज्ञको राय लिने : तहकीकात गर्ने प्रहरी अधिकृतले आवश्यक सम्झेमा कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ ।

१८. अभियुक्त वा शङ्कास्पद व्यक्तिलाई पक्राउ गर्ने : (१) अनुसूची २ मा उल्लिखित अपराध वा तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुनसक्ने अनुसूचीमा १ उल्लिखित अन्य कुनै अपराधको अभियुक्त वा त्यस्तो अपराधको सम्बन्धमा शङ्कास्पद देखिएको व्यक्तिलाई प्रहरी कर्मचारीले पक्राउ गर्न सक्नेछ ।

(२) उप-दफा (१) मा उल्लिखित कुनै अपराध भएको देख्ने कुनै व्यक्तिले कसूरदार-लाई पक्री नजिकको प्रहरी अधिकृतलाई वा प्रहरी कार्यालयमा बुझाउन सक्नेछ ।

(३) उप-दफा (१) मा उल्लिखित अपराध बाहेक अनुसूची १ मा उल्लिखित अन्य कुनै अपराध कुनै व्यक्तिले कुनै प्रहरी कर्मचारीको सामुन्ने गरेमा सो प्रहरी कर्मचारीले निजसंग निजको नाम र ठेगाना सोध्न सक्नेछ । सोबमोजिम नाम र ठेगाना सोध्दा निजले बताउन इन्कार गरेमा वा झूटो नाम वा ठेगाना बताएको छ भन्ने विश्वास गर्नु पर्ने कुनै मनासिब कारण भएमा सो प्रहरी कर्मचारीले सनाखतको निमित्त निजलाई पक्राउ गर्न सक्नेछ ।

१९. पक्राउ गर्दाको कार्यविधि : (१) कुनै अपराध वा मुद्दाको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्दा निजलाई पक्राउ गर्नु परेको कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्छ । सोबमोजिम कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने प्रयत्न गरेमा निजलाई पक्रन आवश्यक शक्ति प्रयोग गर्न हुन्छ ।

(२) पक्राउ गर्नुपर्ने व्यक्ति कुनै घर वा बन्द ठाउँमा लुकेको छ भन्ने शङ्का गर्नुपर्ने मनासिब कारण भई सो घर वा ठाउँको तलाशी लिनु परेमा दफा १४ को उप-दफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) मा उल्लेख भएका कुराहरूको पालन गरी सो घर वा ठाउँको तलाशी लिन हुन्छ र त्यस सम्बन्धमा आवश्यक भएमा सो दफाको उप-दफा (२)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको अधिकार समेत प्रयोग गर्न हुन्छ। तर त्यस्तो व्यक्तिलाई तुरुन्त पक्राउ नगरे कुनै व्यक्तिको जीउ वा ज्यानमा खतरा हुन्छ वा सो व्यक्ति भाग्न सक्छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा सूर्यास्तपछि पनि त्यस्तो घर वा ठाउँमा पसी सो व्यक्तिलाई पक्रन हुन्छ।

(३) यो दफाबमोजिम कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव कुनै महिलाद्वारा पक्रन लगाउनुपर्छ।

(४) कुनै अपराध वा मुद्दाको सिलसिलामा पक्रिएको व्यक्तिको जीउको तलाशी लिन हुन्छ। सोबमोजिम तलाशी लिंदा फेला परेको प्रमाणसम्बन्धी लिखत वा अन्य कुनै वा खतरनाक हतियार पक्राउ पर्ने व्यक्तिले आफ्नो कब्जामा लिई त्यसको भरपाई दिनुपर्छ।

२०. तहकीकातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्य प्रणाली: (१) यो दफाबमोजिम अन्यथा हुने भएमा बाहेक कुनै पनि व्यक्तिलाई अपराधको तहकीकातको लागि २४ घण्टाभन्दा बढी थुनामा राख्न हुँदैन।

स्पष्टीकरण: थुनामा परेको व्यक्तिलाई उप-दफा (२) बमोजिम अदालतमा उपस्थित गराउन बाटोमा लाग्ने अवधिलाई यो उप-दफाको प्रयोजनको लागि थुनाको अवधिमा गणना गरिने छैन।

(२) अनुसूची २ मा उल्लिखित अपराध वा तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने अनुसूची १ मा उल्लिखित अन्य कुनै अपराधको तहकीकातको सिलसिलामा थुनामा परेको कुनै व्यक्तिको सम्बन्धमा २४ घण्टाभित्र तहकीकात पुरा नहुने, तर निजलाई थुनामै राखी तहकीकात जारी राख्नु पर्ने देखिएमा तहकीकात गर्ने प्रहरी अधिकृतले निजलाई अदालतका समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्न हुन्छ। सोबमोजिम अदालतसंग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, सो अभियोगको आधार र निजलाई थुनामै राखेर तहकीकात गर्नुपर्ने कारण स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ र दफा २१ बमोजिम राखिएको प्रहरी डायरी तथा अन्य सम्बन्धित लिखतहरू समेत निरीक्षणको लागि अदालतमा पेश गर्नुपर्छ।

(३) कुनै अपराधको तहकीकातको सिलसिलामा थुनामा परेको कुनै व्यक्तिलाई थुनामा राखी तहकीकात जारी राख्न आवश्यक छ भन्ने कुनै मनासिब कारण देखाई तहकीकात गर्ने प्रहरी अधिकृतले उप-दफा (२) बमोजिम अदालतसंग अनुमति मागेमा अदालतले त्यस्तो व्यक्तिको सम्बन्धमा एकै पटक वा पटक पटक गरी बढीमा एक्काईस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ। सोबमोजिम अनुमति दिदा अदालतले प्रहरी डायरी र अन्य सम्बन्धित लिखतहरूको निरीक्षण गरी तहकीकात सन्तोषजनक रूपमा भए वा नभएको हेर्नुपर्छ र सन्तोषजनक रूपमा तहकीकात भैरहेको देखिएमा कारण सहितको पर्चा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खडा गरेर मात्र अनुमति दिनुपर्छ। तहकीकात सन्तोषजनक रूपमा भएको नदेखिएमा वा त्यस्तो व्यक्तिलाई थुनामा राख्न आवश्यक वा उपयुक्त नदेखिएमा अदालतले निजसंग धरौट वा जमानत लिई वा नलिई निजलाई थुनाबाट छोड्ने आदेश दिन सक्नेछ।

तर मृत्युदण्ड वा जन्मकैदको सजाय हुन सक्ने अपराधको अभियोगमा थुनामा परेको व्यक्तिलाई अदालतले यो उप-दफाबमोजिम थुनाबाट छोड्न आदेश दिने छैन।

(४) उप-दफा (३) बमोजिम थुनामा राख्ने अनुमति प्राप्त भएको म्याद भुक्तान भएपछि तहकीकात गर्ने प्रहरी अधिकृतले कुनै मनासिब कारण देखाई अदालतसमक्ष निवेदन दिएमा अदालतले उप-दफा (२) बमोजिम थुनामा रहेको व्यक्तिलाई साठी दिनसम्म कारागारमा थुनामा राख्न वा निजसंग धरौट वा जमानत माग्न सक्नेछ।

(५) उप-दफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि–

(क) कानूनबमोजिम तोकिएको हद म्यादभित्र वा सो उप-दफाबमोजिम थुनामा राख्ने आदेश भएको मितिले साठी दिनभित्र मध्ये जुन अवधि अघि पर्छ, सो अवधिभित्र थुनामा रहेको व्यक्तिको विरूद्ध मुद्दा दायर नभएमा तुरून्त निजलाई थुनाबाट छोड्ने आदेश दिनुपर्छ र धरौटी लिएको भए धरौट फिर्ता गर्ने र जमानत लिएको भए जमानत रद्द गरिदिनुपर्छ।

(ख) कुनै व्यक्तिलाई निज उपरको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी थुनामा राख्न अधिकार दिएको मानिने छैन।

२१. प्रहरी डायरी : (१) यो परिच्छेद अन्तर्गत तहकीकात गर्ने प्रहरी अधिकृतले निम्नलिखित कुराहरू समेत देखिने गरी तहकीकातको सम्बन्धमा आफूले गरेको प्रत्येक कारवाई तत्कालै अनुसूची ३ बमोजिमको डायरीमा लेख्नुपर्छ :–

(क) अपराधको सूचना पाएको समय र मिति,

(ख) आफूले तहकीकातको सिलसिलामा गरेको कुराहरू,

(ग) तहकीकातको सिलसिलामा आफूले भ्रमण गरेको ठाउँ वा ठाउँहरू, र

(घ) तहकीकातको सिलसिलामा आफूले सोधपूछ गरेको मानिस वा मानिसहरूको नाउँ र ठेगाना र निजले अपराधको सम्बन्धमा बताएको कुरा।

(२) उप-दफा (१) बमोजिम प्रहरीले राखेको डायरी सरकारी अभियोक्ता वा अदालतले झिकाई हेर्न सक्नेछ।

तर यस्तो डायरी प्रमाणमा लगाइने छैन।

(३) उप-दफा (१) बमोजिम राखिएको कुनै डायरी अदालतमा पेश भएको कारणले मात्र अभियुक्त वा निजको वारिस वा वकीलले सो डायरी हेर्न वा त्यसको नक्कल लिन पाउने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कुनै प्रहरी अधिकृतको बयान हुँदा निजले आफ्नो सम्झनाको लागि त्यस्तो डायरीको उपयोग गरेमा अभियुक्त वा निजको वारिस वा वकीललाई सो डायरी देखाउनु पर्छ ।

२२. मुद्दा चलाउने आधार नदेखिएमा प्रतिवेदन पठाउने : (१) अनुसूची १ मा उल्लिखित कुनै अपराधको तहकीकात गर्दा मुद्दा चलाउन पर्याप्त प्रमाण वा आधार नदेखिएमा तहकीकात गर्ने प्रहरी अधिकृतले अनुसूची २ मा उल्लिखित अपराधको सम्बन्धमा भए सरकारी अभियोक्ताको कार्यालयमा र सो बाहेक अनुसूची १ मा उल्लिखित अन्य अपराधको सम्बन्धमा भए श्री ५ को सरकारको सम्बन्धित कार्यालयमा सो कुरा उल्लेख गरी प्रतिवेदन पठाउनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम कुनै प्रहरी अधिकृतले प्रतिवेदन पठाउँदा तत्सम्बन्धी कारवाईको मिसिल र अनुसूची ४ बमोजिमको तहकीकातसम्बन्धी विवरण पनि साथै पठाउनुपर्छ ।

२३. मुद्दा चलाउन वा कारवाई समाप्त गर्ने निर्देशन दिने: (१) दफा २२ बमोजिम प्रतिवेदन प्राप्त भएपछि त्यसको छानवीन गरी सरकारी अभियोक्ता वा सम्बन्धित कार्यालयले आवश्यक देखेमा अपराधको थप तहकीकात गर्न वा दफा ३३ बमोजिम अदालतमा मुद्दा चलाउन सम्बन्धित प्रहरी अधिकृतलाई आदेश दिन सक्नेछ ।

(२) दफा २२ बमोजिम प्राप्त प्रतिवेदन मनासिव देखिएमा सरकारी अभियोक्ता वा सम्बन्धित कार्यालयले तहकीकातको कारवाई समाप्त गर्न र तत्सम्बन्धमा कुनै व्यक्ति थुनामा परेको भए निजलाई थुनाबाट छोड्न सम्बन्धित प्रहरी अधिकृतलाई आदेश दिनेछ ।

(३) कुनै अपराधका सम्बन्धमा मुद्दा नचलाउने निर्णय भएपछि सम्बन्धित प्रहरी अधिकृतले त्यसको सूचना अपराधको सूचना दिने व्यक्तिलाई दिनुपर्छ ।

२४. मुद्दा चलाउन प्रतिवेदन दिने: (१) अनुसूची २ मा उल्लिखित अपराध बाहेक अनुसूची १ मा उल्लिखित अन्य कुनै अपराधको सम्बन्धमा भएको तहकीकातबाट तत्सम्बन्धमा मुद्दा चलाउन पर्याप्त आधार देखिएमा वा दफा २३ को उप-दफा (१) बमोजिम सम्बन्धित कार्यालयले मुद्दा चलाउने आदेश दिएमा तहकीकात गर्ने प्रहरी अधिकृतले दफा ३३ बमोजिम सम्बन्धित अदालतमा प्रतिवेदन दर्ता गराउनुपर्छ ।

(२) अनुसूची २ मा उल्लिखित कुनै अपराधको सम्बन्धमा भएको तहकीकातबाट तत्सम्बन्धमा मुद्दा चलाउन पर्याप्त आधार देखिएमा वा दफा २३ को उप-दफा (१) बमोजिम सरकारी अभियोक्ताले मुद्दा चलाउने आदेश दिएमा तहकीकात गर्ने प्रहरी अधिकृतले सरकारी अभियोक्तासंग सम्पर्क राखी दफा ३३ बमोजिम मुद्दा चलाउने प्रतिवेदन तयार गरी दर्ता गराउनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) तहकीकात गर्ने प्रहरी अधिकृतले उप-दफा (२) बमोजिम सरकारी अभियोक्तासंग सम्पर्क राख्दा कारवाईको मिसिल, प्रहरी डायरी र अनुसूची ४ बमोजिमको विवरण सरकारी अभियोक्तासमक्ष प्रस्तुत गर्नुपर्छ । सो मिसिल, डायरी र विवरणबाट कुनै अपराधको सम्बन्धमा अझ बढी तहकीकात गर्नुपर्ने देखिएमा सरकारी अभियोक्ताले तहकीकात गर्ने प्रहरी अधिकृतलाई तत्सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उप-दफा (३) बमोजिम पेश भएको मिसिल, डायरी र विवरणबाट मुद्दा चलाउन पर्याप्त प्रमाण वा आधार छैन भन्ने लागेमा सरकारी अभियोक्ताले कारण सहित सो कुरा उल्लेख गरी प्रमुख जिल्ला अधिकारीसमक्ष प्रतिवेदन पठाउनुपर्छ र तत्सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको निर्देशनबमोजिम गर्नुपर्छ ।

(५) अनुसूची २ मा उल्लिखित कुनै अपराधको सम्बन्धमा उप-दफा (४) बमोजिम मुद्दा नचलाउने निर्णय भएमा सरकारी अभियोक्ताले तत्सम्बन्धी कारवाई समाप्त गर्ने र कुनै व्यक्ति थुनामा परेको भए निजलाई थुनाबाट छोड्न सम्बन्धित प्रहरी अधिकृतलाई आदेश दिनेछ । सो बमोजिम आदेश प्राप्त भएपछि सो प्रहरी अधिकृतले सो आदेशबमोजिम गरी त्यसको सूचना अपराधको सूचना दिने व्यक्तिलाई दिनुपर्छ ।

२५. यो परिच्छेदबमोजिम कुनै प्रहरी अधिकृतलाई तोकिएको काम अरूले पनि गर्न सक्नेः यो परिच्छेदबमोजिम कुनै प्रहरी अधिकृतले गर्न सक्ने वा गर्नुपर्ने कुनै काम देहायको प्रहरी अधिकृतहरूले पनि गर्न हुन्छः–

(क) सो प्रहरी अधिकृतभन्दा माथिल्लो दर्जाको सम्बन्धित क्षेत्रको कुनै प्रहरी अधिकृतले, र

(ख) सो प्रहरी अधिकृतको अनुरोधमा अन्य प्रहरी कार्यालयको समान वा माथिल्लो स्तरको कुनै प्रहरी अधिकृतले ।

## परिच्छेद–३
## अदालतको अधिकार क्षेत्र

२६. सामान्यतः अपराध भएको क्षेत्रको अदालतले मुद्दा हेर्नेः यो संहिता र अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही सामान्यतः कुनै अपराधसम्बन्धी मुद्दा हेर्ने र निर्णय गर्ने अधिकार सो अपराध भएको क्षेत्रको अदालतलाई हुनेछ ।

२७. अपराध विभिन्न क्षेत्रसंग सम्बन्धित भएमा सो क्षेत्रहरूमध्ये कुनै क्षेत्रको अदालतले मुद्दा हेर्न सक्नेः देहायको अवस्थामा देहायको कुनै क्षेत्रको अदालतले मुद्दा हेर्ने र निर्णय गर्न हुन्छः–

(क) अपराध हुने कुनै काम आँशिक रूपमा एउटा क्षेत्रमा र आँशिक रूपमा अर्को क्षेत्रमा भएकोमा सो क्षेत्रहरूमध्ये कुनै क्षेत्रको अदालतले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै काम एउटा क्षेत्रमा भएको र त्यसको परिणाम अपराधको रूपमा अर्को क्षेत्रमा प्रकट भएकोमा सोमध्ये कुनै क्षेत्रको अदालतले,

(ग) एकै सिलसिलामा विभिन्न अपराधहरू भएकोमा सो अपराधहरूमध्ये कुनै अपराध भएको क्षेत्रको अदालतले,

(घ) धेरै क्षेत्रहरूमध्ये कुन क्षेत्रमा अपराध भएको हो भन्ने यकीन हुन नसकेमा सो क्षेत्रहरूमध्ये कुनै क्षेत्रको अदालतले,

(ङ) अपहरणको अपराधको हकमा सो अपराध जुन क्षेत्रमा भएको छ वा जुन क्षेत्रमा अपहरण गरिएको व्यक्ति लगिएको, लुकाइएको वा थुनिएको छ सो मध्ये कुनै क्षेत्रको अदालतले,

(च) यात्रा गरिरहेको कुनै व्यक्तिले गरेको वा यात्रा गरिरहेको कुनै व्यक्तिको विरुद्ध वा एक क्षेत्रबाट अर्को क्षेत्रमा लैजान लागेको मालसामानको सम्बन्धमा गरिएको अपराधको हकमा त्यस्तो व्यक्ति यात्राकालमा जुन जुन क्षेत्रमा गएको छ वा त्यस्तो मालसामान जुन जुन क्षेत्र भएर लगिएको छ सोमध्ये कुनै क्षेत्रको अदालतले,

(छ) कुनै अपराध चिट्ठी वा दूरसञ्चारको माध्यमबाट भएकोमा सो चिट्ठी वा खबर जुन क्षेत्रबाट पठाइएको वा जुन क्षेत्रमा प्राप्त गरिएको छ, सोमध्ये कुनै क्षेत्रको अदालतले,

(ज) सम्पत्तिसम्बन्धी अपराधको हकमा सो अपराध भएको क्षेत्र वा अपराधबाट प्राप्त सम्पत्ति लुकाएको किनेको, बेचेको वा अन्य कुनै प्रकारले लिए दिएको क्षेत्रको अदालतले ।

२८. <u>नेपाल अधिराज्यबाहिर भएको अपराधसम्बन्धी मुद्दा हेर्ने अधिकार क्षेत्र:</u> नेपालमा दर्ता भएको वायुयान वा पानीजहाजमा वा नेपाल अधिराज्यबाहिर भएको कुनै अपराधको सम्बन्धमा प्रचलित नेपाल कानूनले सजाय हुने व्यवस्था भएकोमा त्यस्तो अपराधको अभि[युक्त] नेपाल अधिराज्यभित्र जुन क्षेत्रमा फेला पर्छ सोही क्षेत्रको अदालतबाट त्यस्तो अपराध सम्बन्धी मुद्दा हेरिने र निर्णय गरिनेछ ।

२९. <u>एउटै अपराधको सम्बन्धमा भिन्न भिन्न अदालतमा मुद्दा परेमा पहिले मुद्दा परेको अदालतले हेर्ने:</u> कुनै एउटै अपराधको सम्बन्धमा एउटै व्यक्ति उपर दुई वा सोभन्दा बढी अदालत-हरूमा मुद्दा परेको रहेछ भने पहिले जुन अदालतमा मुद्दा परेको हो सोही अदालतले सो अपराधसम्बन्धी मुद्दा हेर्न र निर्णय गर्नुपर्छ ।

३०. <u>तल्लो र माथिल्लो अदालतको अधिकार क्षेत्रभित्र पर्ने मुद्दा माथिल्लो अदालतले हेर्ने:</u> प्रचलित नेपाल कानूनबमोजिम तल्लो र माथिल्लो तहको अदालतको अधिकार क्षेत्रभित्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्ने तर दफा ३७ को उप-दफा (१) वा उप-दफा (२) को खण्ड (क) वा (ग) अन्तर्गत संयुक्त रूपमा कारवाई हुन सक्ने व्यक्ति वा अपराधको सम्बन्धमा मुद्दा हेर्ने अधिकार माथिल्लो तहको अदालतलाई हुनेछ ।

३१. अधिकार क्षेत्र नभएमा दरपीठ गर्ने: कुनै प्रतिवेदन वा उजूरीको बेहोराबाट सो प्रतिवेदन वा उजूरीसम्बन्धी मुद्दा हेर्ने आफ्नो अधिकार क्षेत्र नभएको देखिएमा अदालतले सो कुरा उल्लेख गरी सो प्रतिवेदन वा उजूरीमा दरपीठ गरिदिनुपर्छ । सोबमोजिम दरपीठ भएको प्रतिवेदन वा उजूरी कानूनले तोकेको हदम्यादभित्र दर्ता गराउन आएमा अधिकार प्राप्त अदालतले दर्ता गरिदिनुपर्छ ।

## परिच्छेद–४

## कारवाईको प्रारम्भ तथा प्रतिवेदन, उजूरी र पर्चासम्बन्धी व्यवस्था

३२. प्रतिवेदन वा उजूरी परेपछि वा पर्चा खडा भएपछि अदालतले कारवाई प्रारम्भ गर्न सक्ने: (१) यो दफाको अन्य उप-दफाहरूका अधीनमा रही कुनै अपराधको सम्बन्धमा यो परिच्छेद बमोजिम प्रतिवेदन वा उजूरी परेपछि वा पर्चा खडा भएपछि अदालतले मुद्दाको कारवाई प्रारम्भ गर्न सक्नेछ ।

तर–

(क) अदालतको अवहेलनासम्बन्धी अपराधको अभियोगमा अदालतले अभियुक्त उपर कारवाई चलाउन प्रतिवेदन, उजूरी वा पर्चा आवश्यक हुने छैन ।

(ख) कुनै मुद्दामा अदालतले प्रमाण बुझ्दा कुनै पक्षले कुनै प्रमाणलाई जालसाजी वा किर्ते भनी बयान गरेमा सोही बयानको आधारमा जालसाजी वा किर्तेको अपराधमा कारवाई चलाउन हुन्छ ।

(ग) अपराध संहिताको दफा ७४, ७५, ७६, ७७, ७८, र ८५ अन्तर्गतको अपराध वा त्यस्तो अपराधसंग सम्बन्धित उक्त संहिताको परिच्छेद ३१ अन्तर्गत सजाय हुने अपराधको सम्बन्धमा छुट्टै मुद्दा चल्ने छैन । कुनै मुद्दाको फैसला गर्दा मिसिल सामेल रहेको प्रमाणबाट त्यस्तो कुनै अपराधको कसूरदार देखिएको व्यक्तिलाई अदालतले सोही फैसलाबाट सजाय गर्न सक्नेछ ।

(२) श्री ५ को सरकारको वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृतको लिखित स्वीकृति प्रस्तुत नभएसम्म देहायको कुनै अपराधको अभियोगमा मुद्दा चल्ने छैन:–

(क) अपराध संहिताको परिच्छेद ४ वा दफा ५४ वा २०७ अन्तर्गतको अपराध वा त्यस्तो अपराधसंग सम्बन्धित उक्त संहिताको परिच्छेद ३१ अन्तर्गत सजाय हुने अपराध ।

(ख) जासूसी ऐन, २०१८ अन्तर्गतको अपराध ।

(ग) संघ संस्था (नियन्त्रण गर्ने) ऐन, २०१९ अन्तर्गतको अपराध ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सम्बन्धित राष्ट्रसेवक वा निज बहाल रहेको कार्यालयको प्रमुखको प्रतिवेदन नपरी अपराध संहिताको परिच्छेद ६ अन्तर्गतको अपराध वा त्यस्तो अपराधसंग सम्बन्धित उक्त संहिताको परिच्छेद ३१ अन्तर्गत सजाय हुने अपराधको अभियोगमा मुद्दा चल्ने छैन ।

(४) श्री ५ को सरकारको लिखित स्वीकृति प्रस्तुत नभएसम्म कुनै सरकारी कर्मचारी उपर निजले आफ्नो ओहदाको कर्तव्य पालनमा गरेको कुनै कामको सम्बन्धमा निज उपर कुनै अपराधको अभियोग लगाई मुद्दा चल्ने छैन ।

तर कुनै कर्मचारीले आफ्नो ओहदाको कर्तव्यभन्दा बाहिरको कुनै काम गरी कुनै अपराध गरेमा निज उपर सो अपराधको अभियोग लगाई मुद्दा चलाउन श्री ५ को सरकारको स्वीकृति लिनुपर्ने छैन ।

(५) अनुसूची २ मा उल्लिखित अपराधको सम्बन्धमा दफा ३३ को उप-दफा (१) बमोजिम प्रहरी प्रतिवेदन नपरी वा दफा ३८ बमोजिम पर्चा खडा नभै र अनुसूची १ मा उल्लिखित अन्य अपराधको सम्बन्धमा दफा ३३ को उप-दफा (१) बमोजिम प्रतिवेदन नपरी वा दफा ३४ वा ३८ बमोजिम पर्चा खडा नभै मुद्दा चल्ने छैन ।

तर अनुसूची २ मा उल्लिखित अपराध बाहेक अनुसूची १ मा उल्लिखित अन्य कुनै अपराधबाट कुनै व्यक्तिलाई कुनै क्षति पुगेको रहेछ भने निजले वा उप-दफा (६) को स्पष्टीकरण (क), (ख) वा (ग) बमोजिमको अवस्थामा सो स्पष्टीकरणमा उल्लिखित व्यक्तिले दफा ३५ बमोजिम उजूरी दिन सक्नेछ ।

(६) अनुसूची १ मा उल्लिखित अपराध बाहेक अन्य कुनै अपराधको सम्बन्धमा दफा ३५ बमोजिम सम्बन्धित व्यक्तिको उजूरी नपरी मुद्दा चल्ने छैन ।

स्पष्टीकरण: यो उप-दफाको तात्पर्यको लागि "सम्बन्धित व्यक्ति" भन्नाले अपराध-बाट पीडित भएको व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले देहायको अवस्थामा देहायको व्यक्तिलाई समेत जनाउँछ:–

(क) कुनै व्यक्तिले कुनै पद, ओहदा वा अन्य कुनै हैसियतले गर्नुपर्ने कुनै काम वा संरक्षण गर्नुपर्ने कुनै कुराको सम्बन्धमा त्यस्तो पद, ओहदा वा हैसियतमा रहेको व्यक्ति,

(ख) लाटो, अन्धो, नाबालक वा पचहत्तर वर्षको उमेर नाघेको व्यक्ति वा शारीरिक वा मानसिक रोगले असमर्थ भएको व्यक्तिले उजूर गर्न पाउने कुराको सम्बन्धमा निजको एकाघर संगको हकवाला र त्यस्तो हकवाला नभए अन्य कुनै हकवाला वा संरक्षक, र

(ग) कुनै संगठित वा असंगठित संस्थासम्बन्धी अपराधको सम्बन्धमा त्यस्तो संस्थाको सञ्चालक, प्रशासक वा सदस्य ।

३३. मुद्दा चलाउने प्रतिवेदन: (१) अनुसूची २ मा उल्लिखित कुनै अपराधको अभियोगमा कुनै व्यक्ति उपर मुद्दा चलाउन प्रहरी प्रतिवेदन दिंदा निम्नलिखित कुराहरू उल्लेख गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ५ मा तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी सरकारी अभियोक्ता र तहकीकात गर्ने प्रहरी अधिकृत दुवैले सहीछाप गरी सम्बन्धित अदालतमा दर्ता गराउनुपर्छः–

(क) अभियुक्तको नाम ठेगाना,

(ख) अपराधसम्बन्धी सूचनाको व्यहोरा,

(ग) अपराधसम्बन्धी विवरण,

(घ) अभियुक्त उपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण,

(ङ) सम्बन्धित कानून,

(च) अभियुक्तलाई हुनुपर्ने सजाय, र

(छ) अपराधबाट क्षति पुगेको व्यक्तिलाई भराई दिनु पर्ने क्षतिपूर्ति ।

(२) अनुसूची २ मा उल्लिखित अपराध बाहेक अनुसूची १ मा उल्लिखित अन्य कुनै अपराधको अभियोगमा कुनै व्यक्ति उपर मुद्दा चलाउन प्रतिवेदन दिंदा उप-दफा (१) को खण्ड (क) देखि (छ) सम्ममा उल्लेख भएका कुराहरू खुलाई तहकीकात गर्ने प्रहरी अधिकृत वा सो अपराधको विषयवस्तुसंग सम्बन्धित श्री ५ को सरकारको अन्य कुनै अधिकृतले अनुसूची ६ मा तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी सम्बन्धित अदालतमा दर्ता गराउनुपर्छ ।

तर दफा ३४ बमोजिम मुद्दा चलाउने पर्चा खडा भएकोमा यो उप-दफाबमोजिम प्रतिवेदन दर्ता गरिने छैन ।

(३) उप-दफा (१) वा (२) अन्तर्गत दर्ता गरिने प्रतिवेदनमा अभियोगको उल्लेख गर्दा–

(क) अभियुक्त उपर अभियोग लगाउन खोजिएको अपराधको कानूनमा कुनै खास नामकरण गरिएको रहेछ भने सो अपराधको सम्बन्धमा सो नामको उल्लेख गर्नुपर्छ कानूनमा कुनै नामकरण नगरिएको अपराधको हकमा अभियुक्तले आफूमाथि लगाइएको अभियोग स्पष्ट रूपमा बुझ्न सक्ने गरी अपराधको तत्वहरू उल्लेख गर्नुपर्छ ।

(ख) अभियुक्तले पहिले पनि कुनै अपराधमा सजाय पाइसकेको कारणले बढी सजाय हुनुपर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको तथ्य, मिति र सजाय गर्ने अदालतको पनि उल्लेख गर्नुपर्छ ।

(४) उप-दफा (१) वा (२) बमोजिम अदालतमा प्रतिवेदन दर्ता गराउँदा–

(क) दफा ३२ को उप-दफा (२) वा (४) मा उल्लिखित अपराधको सम्बन्धमा सो उप-दफाहरूबमोजिम श्री ५ को सरकारको वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृतको लिखित स्वीकृति प्रतिवेदनसाथ पेश गर्नुपर्छ ।

(ख) अभियुक्त थुनामा रहेको भए निजलाई अदालतमा उपस्थित गराउनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) तहकीकातको मिसिल र तहकीकातको सिलसिलामा फेला परेको प्रमाणहरू पनि साथै पेश गर्नुपर्छ ।

(घ) सो प्रतिवेदन र खण्ड (ख) बमोजिम पेश भएको लिखत प्रमाणहरूको नक्कलको आवश्यक प्रतिहरू अभियुक्तलाई पत्राउ पुर्जी वा समाह्वानका साथ पठाउनको लागि प्रतिवेदन साथै पेश गर्नुपर्छ ।

तर अभियुक्त थुनामा रहेको भए अदालतमा प्रतिवेदन पेश गर्नुभन्दा पहिले उक्त लिखतहरूको नक्कल अभियुक्तलाई दिनुपर्छ ।

३४. मुद्दा चलाउने पर्चा: (१) अनुसूची २ मा उल्लिखित अपराध बाहेक अनुसूची १ मा उल्लिखित अन्य कुनै अपराधसम्बन्धी मुद्दा हेर्ने र निर्णय गर्ने अधिकार कुनै प्रचलित नेपाल कानूनले श्री ५ को सरकारको कुनै कार्यालय वा त्यस्तो कार्यालयको कुनै अधिकृतलाई प्रदान गरेको रहेछ भने सो कार्यालय वा अधिकृतले निम्नलिखित कुराहरू खुलाई पर्चा खडा गरी त्यस्तो अपराधको सम्बन्धमा मुद्दा चलाउन हुन्छ:–

(क) अभियुक्तको नाम र ठेगाना,

(ख) अपराधसम्बन्धी विवरण,

(ग) अभियुक्त उपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण, र

(घ) सम्बन्धित कानून ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा चलाउन दफा ३२ को उप-दफा (२) वा उप-दफा (४) बमोजिम श्री ५ को सरकारको वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृतको स्वीकृति चाहिने अवस्थामा सोबमोजिम स्वीकृति प्राप्त नगरी यो दफाबमोजिम मुद्दा चलाइने छैन ।

३५. उजूरी: (१) कुनै अपराधको सम्बन्धमा कुनै व्यक्तिले दफा ३२ को उप-दफा (५) को प्रतिवन्धात्मक वाक्यांश वा उप-दफा (६) बमोजिम अदालतमा कुनै उजूरी दिंदा निम्न लिखित कुराहरू खुलाई अनुसूची ७ मा तोकिएको ढाँचामा दिनुपर्छ:–

(क) अभियुक्तको नाम र ठेगाना,

(ख) अपराधसम्बन्धी विवरण,

(ग) अभियुक्त उपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण,

(घ) सम्बन्धित कानून,

(ङ) अभियुक्तलाई हुनुपर्ने सजाय, र

(च) अपराधबाट पुगेको क्षति र अभियुक्तबाट भराउनु पर्ने क्षतिपूर्ति ।

(२) यो दफाबमोजिम कुनै उजूरी दिंदा सो उजूरीको साथमा अभियुक्तको संख्या बराबर उजूरी र लिखत प्रमाणहरूको नक्कल पनि पेश गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६. <u>अदालतले अभियोग थप्न वा बदल्न र अभियुक्तको रूपमा कसैलाई सम्मिलित गराउन सक्नेः</u>

(१) कुनै मुद्दामा अनुसूची १ मा उल्लिखित कुनै अपराधको अभियोग लगाइएको कुनै व्यक्ति उपर सो अभियोगको अतिरिक्त सो अनुसूचीमा उल्लिखित अर्को अपराधको पनि अभियोग लाग्न सक्ने देखिएमा अदालतले कारण सहितको पर्चा खडा गरी सो व्यक्ति उपर त्यस्तो अभियोगमा समेत सोही मुद्दाबाट कारवाई गर्न सक्नेछ ।

(२) कुनै मुद्दामा अनुसूची १ मा उल्लिखित कुनै अपराधको अभियोग लगाइएको कुनै व्यक्ति उपर सो अभियोग लाग्न नसक्ने तर सो अनुसूचीमा उल्लिखित अर्को कुनै अपराधको अभियोग लाग्न सक्ने देखिएमा अदालतले कारण सहितको पर्चा खडा गरी सो व्यक्ति उपर त्यस्तो अपराधको अभियोगमा सोही मुद्दाबाट कारवाई गर्न सक्नेछ ।

(३) उप-दफा (१) वा (२) अन्तर्गत अदालतले अभियोग थपेमा वा बदलेमा तत्सम्बन्धी पर्चाको नक्कल अभियुक्तलाई दिनुपर्छ र सो अभियोगको सम्बन्धमा निजको बयान लिनुभन्दा पहिले सो पर्चा निजलाई पढेर सुनाउनुपर्छ । तत्सम्बन्धमा उजूरवाला वा अभियुक्तले कुनै नयाँ साक्षी वा प्रमाण पेश गर्न चाहेमा सो कुराको मौका समेत दिनुपर्छ ।

(४) अनुसूची १ मा उल्लिखित कुनै अपराधसम्बन्धी मुद्दामा तत्काल अभियोग नलागेको कुनै व्यक्ति उपर मिसिल सामेल रहेको कुनै प्रमाणबाट त्यस्तो कुनै अपराधको अभियोग लाग्न सक्ने देखिएमा अदालतले कारण सहितको पर्चा खडा गरी सो व्यक्ति उपर त्यस्तो अपराधको अभियोगमा सोही मुद्दाबाट कारवाई चलाउन सक्नेछ ।

(५) उप-दफा (१), (२) वा (४) मा लेखिएको कुनै कुराले आफ्नो अधिकार क्षेत्र नभएको मुद्दा हेर्ने वा दफा ३७ को उप-दफा (१) वा (२) बमोजिम संयुक्त रूपमा कारवाई चलाउन सकिने अपराध वा अभियुक्त बाहेक अन्य अपराध वा अभियुक्तको सम्बन्धमा एउटै मुद्दाबाट कारवाई गर्न वा दफा ३२ को उप-दफा (२), (३) वा (४) मा भएको व्यवस्थाको विपरीत मुद्दाको कारवाई गर्न अदालतलाई अधिकार दिएको मानिने छैन ।

[illegible]. <u>संयुक्त रूपमा मुद्दा चलाउन हुने अपराध वा अभियुक्तहरूः</u> (१) देहायका व्यक्तिहरू उपर एउटै प्रतिवेदन, उजूरी वा पर्चाबाट मुद्दा चलाउन हुन्छः–

(क) एकै सिलसिलामा एउटै वा विभिन्न अपराध गर्ने व्यक्तिहरू,

(ख) एकै सिलसिलामा नभए पनि संयुक्त रूपमा वा मिलोमतोबाट एक वा एकभन्दा बढी अपराध गर्ने व्यक्तिहरू, वा

(ग) एक अर्कोसंग सम्बन्धित विभिन्न अपराध गर्ने व्यक्तिहरू ।

(२) देहायका अपराधहरूको सम्बन्धमा एउटै प्रतिवेदन, उजूरी वा पर्चाबाट मुद्दा चलाउन हुन्छः–

(क) एकै व्यक्तिले एकै सिलसिलामा गरेको विभिन्न अपराधहरू,

(ख) एकै व्यक्तिले एकै व्यक्तिको सम्बन्धमा गरेको विभिन्न अपराधहरू, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) एकै व्यक्तिले गरेको एक अर्कोसंग सम्बन्धित विभिन्न अपराधहरू ।

(३) कुनै अपराधको सन्दर्भमा उप-दफा (१) वा (२) अन्तर्गत एउटै प्रतिवेदन, उजूरी वा पर्चाबाट मुद्दा चलाउने प्रयोजनको लागि सो अपराध र देहायको अन्य कुनै अपराध एक अर्कोसंग सम्बन्धित अपराध मानिने छन्:–

(क) सो अपराधको उद्योग, दुरूत्साहन वा आपराधिक षड्यन्त्र,

(ख) सो अपराधमा मतियार भएको अपराध,

(ग) सो अपराधबाट प्राप्त कुनै चीज राखेको, किनेको, बेचेको, दिएको वा लिएको अपराध,

(घ) सो अपराध गर्ने मनसायले कुनै चीज, राखेको, बेचेको वा दिएको वा लिएको अपराध, वा

(ङ) सो अपराधसंग सम्बन्धित कुनै व्यक्तिलाई लुकाएको वा भगाएको अपराध ।

३८. प्रत्येक अपराध वा अभियुक्तको सम्बन्धमा छुट्टाछुट्टै प्रतिवेदन वा उजूरी दिन वा पर्चा खडा गर्नुपर्नेः दफा ३६ र ३७ मा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक अपराध वा अभियुक्तको सम्बन्धमा छुट्टाछुट्टै प्रतिवेदन वा उजूरी दिन वा पर्चा खडा गर्नुपर्छ ।

३९. श्री ५ को सरकारलाई उजूरवाला कायम गर्नेः दफा ३२ को उप-दफा (५) को प्रतिवन्धात्मक वाक्यांशबमोजिम उजूरीबाट चलेको मुद्दा बाहेक अनुसूची १ मा उल्लिखित अपराधसम्बन्धी अन्य मुद्दामा श्री ५ को सरकारलाई उजूरवाला कायम गरी मुद्दाको कारवाई चलाइनेछ र त्यस्तो अपराधको सूचना दिने व्यक्ति उजूरवाला पक्षको साक्षी मानिने छ ।

## परिच्छेद–५
## पक्राउ पूर्जी र समाह्वान

४०. अभियुक्त वा साक्षीलाई उपस्थित गराउन पक्राउ पूर्जी वा समाह्वान जारी गर्ने : (१) यो संहिताबमोजिम प्रतिवेदन वा उजूरी परेपछि वा मुद्दा चलाउने पर्चा खडा भएपछि अदालतले अभियुक्तलाई अदालतमा उपस्थित गराउन पक्राउ पूर्जी वा समाह्वान जारी गर्नेछ ।

तर दफा ३३ बमोजिम प्रतिवेदनसाथ अभियुक्त अदालतमा उपस्थित गराइएकोमा यो उप-दफाबमोजिम पक्राउ पूर्जी वा समाह्वान जारी गरिने छैन ।

(२) देहायको कुनै अपराधको अभियोग लागेको अभियुक्तलाई अदालतमा उपस्थित गराउन अदालतले पक्राउ पूर्जी जारी गर्नेछ :–

(क) मृत्युदण्ड वा जन्मकैदको सजाय हुने कुनै अपराध,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची १ मा उल्लिखित कुनै अपराध, वा

(ग) खण्ड (क) वा (ख) मा उल्लिखित कुनै अपराधको उद्योग, दुरूत्साहन वा आपराधिक षड्यन्त्र गरेको वा सो अपराधमा मतियार भएको अपराध ।

(३) उप-दफा (२) मा उल्लिखित अपराध बाहेक ६ महीना वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची १ मा उल्लिखित अन्य कुनै अपराधको कुनै अभियुक्तलाई अदालतमा उपस्थित गराउन अदालतले आवश्यकतानुसार पक्राउ पूर्जी वा समाह्वान जारी गर्नेछ ।

(४) उप-दफा (२) को खण्ड (ख) वा (ग) वा उप-दफा (३) मा उल्लिखित कुनै अपराधको अभियुक्तको सम्बन्धमा पक्राउ पूर्जी जारी गर्दा अदालतले मनासिब सम्झेमा धरौट वा जमानतको अङ्क र अभियुक्त अदालतमा उपस्थित हुनुपर्ने तारीख किटान गरी निजले सोबमोजिमको धरौट वा जमानत दिई तारीखको दिन अदालतमा उपस्थित हुने कागज गरेमा निजलाई पक्राउ नगर्ने र सोबमोजिम धरौट वा जमानत नदिएमा निजलाई पक्राउ गरी अदालतमा उपस्थित गराउने निर्देशन दिन सक्नेछ । कुनै पक्राउ पूर्जीमा त्यस्तो निर्देशन भएमा सो पक्राउ पूर्जी तामेल गर्ने कार्यालय वा अधिकृतले सो निर्देशन-को पालन गर्नुपर्छ ।

(५) उप-दफा (२) र (३) मा उल्लिखित अपराध बाहेक अन्य कुनै अपराधको अभियोगमा कुनै अभियुक्त उपर मुद्दा चलाउन यो संहिताबमोजिम उजूरी परेपछि अदालतले सो अभियुक्तलाई अदालतमा उपस्थित गराउन निजको नाउँमा समाह्वान जारी गर्नेछ ।

तर अभियुक्त भागी बेपत्ता हुने सम्भावना छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिब कारण भएमा वा समाह्वानमा तोकिएको तारीखमा अभियुक्त अदालतमा उपस्थित नभएमा त्यस्तो अभियुक्तका हकमा अदालतले पक्राउ पूर्जी जारी गर्नेछ ।

(६) साक्षीलाई उपस्थित गराउन वा कुनै लिखत वा चीज दाखिल गराउन अदालतले समाह्वान जारी गर्नेछ ।

तर–

(क) कुनै साक्षी भागी बेपत्ता हुने सम्भावना छ भन्ने विश्वास गर्नु पर्ने कुनै मनासिब कारण भएमा वा समाह्वान जारी भएको कुनै साक्षी तोकिएको तारीखको दिन अदालतमा उपस्थित हुन नआएमा निजलाई पक्राउ गरी उपस्थित गराउन अदालतले पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।

(ख) अन्य अदालतको क्षेत्रभित्र रहेको टाढाको कुनै साक्षीलाई अदालतले मनासिब सम्झेमा बन्द सवालद्वारा बुझ्न सक्नेछ ।

(ग) समाह्वान जारी गर्दा अदालतमा दाखिल गर्नुपर्ने लिखत वा अन्य कुनै चीज लुकाउने वा नाश गर्ने सम्भावना छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिब कारण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएमा वा समाह्वानमा तोकिएको तारीखको दिन समाह्वानबमोजिम कुनै लिखत वा चीज अदालतमा दाखिल नगरेमा अदालतले सो लिखत वा चीज दाखिल गर्नुपर्ने कर्तव्य भएको व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन पक्राउ पूर्जी जारी गर्न सक्नेछ र सो लिखत वा चीज रहेको ठाउँको तलाशी लिई अदालतमा दाखिल गर्न अदालतको कुनै कर्मचारी वा कुनै प्रहरी अधिकृतलाई आदेश दिन सक्नेछ । सोबमोजिम कुनै कर्मचारी वा प्रहरी अधिकृतले कुनै ठाउँको तलाशी लिदा दफा १४ बमोजिम लिनुपर्छ ।

(७) अदालतले कुनै अभियुक्तलाई उपस्थित गराउन पक्राउ पूर्जी वा समाह्वान जारी गर्दा सम्बन्धित प्रतिवेदन, उजूरी वा पर्चा र उजूरवालाले पेश गरेको लिखत प्रमाणहरूको नक्कल पनि साथै पठाउनुपर्छ ।

४१. <u>पक्राउ पूर्जी</u> : (१) अदालतले यो संहिताबमोजिम पक्राउ पूर्जी जारी गर्दा पक्राउ गर्नुपर्ने व्यक्तिको पूरा नाम र ठेगाना तथा पक्राउ गर्नुपर्ने कारण स्पष्ट रूपमा उल्लेख गरी अभियुक्तको सम्बन्धमा भए अनुसूची ८ मा तोकिएको ढाँचामा र अन्य व्यक्तिको सम्बन्धमा भए अनुसूची ९ मा तोकिएको ढाँचामा जारी गर्नुपर्छ । त्यस्तो प्रत्येक पक्राउ पूर्जीमा मुद्दा हेर्ने अधिकारीले सहीछाप गरी अदालतको छाप लगाउनुपर्छ ।

(२) अदालतले यो संहिताबमोजिम पक्राउ पूर्जी जारी गर्दा पक्राउ गर्नुपर्ने व्यक्ति रहे बसेको वा रहन बस्न सक्ने इलाकाको प्रहरी कार्यालयको नाउँमा जारी गर्नुपर्छ । तर अदालतले आवश्यक सम्झेमा अन्य कुनै कार्यालय वा कुनै सरकारी अधिकृतको नाउँमा पनि पक्राउ पूर्जी जारी गर्न सक्नेछ । सोबमोजिम एकभन्दा बढी कार्यालय वा अधिकृतको नाममा जारी गरिएको पक्राउ पूर्जी सोमध्ये जुनसुकै कार्यालय वा अधिकृतले तामेल गर्न हुन्छ ।

(३) पक्राउ पूर्जी तामेल नभएसम्म वा अदालतबाट बदर नगरेसम्म कायम रहनेछ ।

(४) पक्राउ पूर्जीबमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्दा निजलाई पक्राउ पूर्जी देखाई दफा ४० को उप-दफा (७) बमोजिम पठाएको नक्कल लिखत वा लिखतहरू निजलाई दिनुपर्छ ।

(५) दफा ४० को उप-दफा (५) बमोजिम अन्यथा हुनेमा बाहेक, पक्राउ पूर्जीबमोजिम पक्राउ गर्नुपर्ने व्यक्तिलाई पक्रनासाथ यथासम्भव चाँडो सम्बन्धित अदालतमा उपस्थित गराउनुपर्छ ।

(६) पक्राउ पूर्जीबमोजिम पक्राउ गर्नुपर्ने व्यक्ति सात दिनसम्म पनि फेला परेन भने सम्बन्धित कार्यालय वा अधिकृतले निजको खोजी गर्दै रही आठौं दिनको दिन स्थानीय पञ्चायतको सूचना पाटी र त्यस्तो व्यक्तिको घर दैला फेला परे निजको घर दैलामा अनुसूची १० मा तोकिएबमोजिमको सूचना टाँसी अदालतलाई सो कुराको सूचना दिनुपर्छ र सो व्यक्ति फेला पर्नासाथ निजलाई पक्राउ गरी अदालतमा बुझाई दिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर पक्राउमा पर्नुभन्दा अगावै सो व्यक्ति अदालतमा उपस्थित भएमा अदालतको आदेशबमोजिम बाहेक निजलाई पक्राउ गर्न वा थुनामा राख्न हुँदैन ।

(७) पक्राउ पुर्जीबमोजिम पक्राउ गर्नुपर्ने व्यक्ति लुकेको वा भागी हिंडेको छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिब कारण भएमा उप-दफा (६) बमोजिम सूचना टाँसिएपछि जुनसुकै बखत पनि अदालतले निजको हकको सम्पत्ति रोक्का गर्न सक्नेछ । सोबमोजिम अदालतले कसैको सम्पत्ति रोक्का गरेमा त्यसको सूचना अदालतको सूचनापाटीमा टाँस्नु पर्छ ।

४२. समाह्वान : (१) अदालतले यो संहिताबमोजिम अभियुक्तको नाउँमा समाह्वान जारी गर्दा कम्तीमा १५ दिनको फरक पारी दुई तारीख तोकी अघिल्लो तारीखको दिन उपस्थित हुन नसक्ने कुनै मनासिब कारण भएमा पछिल्लो तारीखको दिन उपस्थित हुनपर्ने र सो तारीखको दिन पनि उपस्थित नभएमा पक्राउ पूर्जी जारी गरिने व्यहोरा उल्लेख गरी समाह्वान जारी गर्नुपर्छ ।

(२) उप-दफा (१) बमोजिम तोकिएको अघिल्लो तारीखको दिन अभियुक्त उपस्थित भएन र उपस्थित नहुनाको कुनै मनासिब कारण पनि देखाउन सकेन भने अदालतले निज-लाई एकसय रूपयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(३) अदालतले अभियुक्त वा साक्षीलाई उपस्थित गराउन वा प्रमाणको कुनै लिखत वा चीज दाखिल गराउन समाह्वान जारी गर्दा मौसम, बाटो खोला नाला इत्यादि सबै कुराहरूको विचार गरी समाह्वान जारी भएको व्यक्ति उपस्थित हुन वा लिखत वा चीज दाखिल गर्न सक्ने समयको विचार गरी तारीख तोकी जारी गर्नुपर्छ ।

४३. समाह्वानको ढाँचा : अदालतले समाह्वान जारी गर्दा देहायबमोजिमको ढाँचामा जारी गर्नुपर्छ :–

(क) यो संहिताबमोजिम श्री ५ को सरकारको कुनै कार्यालय वा अधिकृत वा प्रहरीको प्रतिवेदनबाट चलेको मुद्दामा भए अनुसूची ११ बमोजिमको ढाँचामा,

(ख) यो संहिताबमोजिम अदालत वा श्री ५ को सरकारको कुनै कार्यालय वा अधिकृतले पर्चा खडा गरी चलाएको मुद्दामा भए अनुसूची १२ बमोजिमको ढाँचामा,

(ग) यो संहिताबमोजिम कुनै व्यक्तिको उजूरीबाट चलेको मुद्दामा भए अनुसूची १३ बमोजिमको ढाँचामा,

(घ) साक्षीको नाउँमा भए अनुसूची १४ बमोजिमको ढाँचामा, र

(ङ) कुनै लिखत वा चीज दाखिल गर्न समाह्वान जारी गरिएको भए अनुसूची १५ बमोजिमको ढाँचामा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४. समाह्वानको तामेली : (१) अदालतबाट जारी भएको समाह्वान कुनै प्रहरी कर्मचारी वा अदालतको कुनै कर्मचारी वा अन्य कुनै राष्ट्रसेवकद्वारा तामेल गराइनेछ ।

(२) समाह्वान जुन व्यक्तिको नाउँमा जारी भएको हो यथासम्भव सोही व्यक्तिलाई बुझाउनुपर्छ । सो व्यक्ति फेला नपरेमा निजको एकाघरसंगको कम्तीमा सोह्र वर्ष उमेर पुगिसकेको कुनै व्यक्तिलाई बुझाए हुन्छ । त्यस्तो व्यक्ति पनि फेला परेन भने निजको घर दैलामा टाँसिदिनुपर्छ । निजको घर दैला पनि पत्ता लाग्न सकेन भने सम्बन्धित स्थानीय पञ्चायतको सूचनापाटीमा टाँसिदिनुपर्छ ।

(३) अदालतले समाह्वान तामेल गर्न पठाउँदा दुई प्रति पठाउनुपर्छ । समाह्वान तामेल गर्न गएको कर्मचारीले सो समाह्वान जुन व्यक्तिलाई तामेल गर्नुपर्ने हो सो व्यक्तिलाई चिन्ने कम्तीमा दुई जना स्थानीय व्यक्तिहरू र सम्भव भए स्थानीय पञ्चायतको एक जना सदस्य समेतको रोहवरमा तामेलीको व्यहोरा र मिति खोली दुई प्रतिमा जनाई रोहवरमा भएका व्यक्तिहरूको सहीछाप गराई आफ्नो समेत सहीछाप गरी एकप्रति उप-दफा (२) बमोजिम तामेल गर्ने र अर्को प्रति फिर्ता बुझाउनुपर्छ । समाह्वान जुन व्यक्तिको नाउँमा जारी भएको हो सो व्यक्ति वा निजको एकाघरसंगको कुनै व्यक्तिलाई बुझाई तामेल गरेकोमा समाह्वान बुझी लिएको व्यहोरा जनाई दुवै प्रति समाह्वानमा निजको समेत सहीछाप गराउनुपर्छ ।

(४) कुनै अदालतले आफ्नो क्षेत्रभन्दा बाहिरको अन्य कुनै क्षेत्रमा बसोबास गरी रहेको कुनै व्यक्तिलाई समाह्वान तामेल गर्नुपर्ने भएमा सो क्षेत्रको अदालतमा समाह्वान पठाई सो अदालतमार्फत तामेल गराउनुपर्छ र सो अदालतले पनि यो दफाबमोजिम समाह्वान तामेल गराई त्यसको एक प्रति समाह्वान जारी गर्ने अदालतमा फिर्ता पठाई दिनु पर्छ ।

तर नेपाल अधिराज्यबाहिर रहेको कुनै व्यक्तिको नाउँमा समाह्वान तामेल गर्नु परेमा सो व्यक्ति जुन देशमा रहे बसेको छ सो देशसंग समाह्वानको तामेलीको सम्बन्धमा श्री ५ को सरकारको कुनै सम्झौता भएको रहेछ भने सोही सम्झौताबमोजिम तामेल गरिनेछ । सो देशसंग त्यस्तो कुनै सम्झौता भएको रहेनछ भने सो व्यक्तिको ठेगानामा रजिष्टरी गरी हुलाकद्वारा समाह्वान पठाएपछि रीतपूर्वक तामेल भएको मानिने छ ।

(५) उप-दफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि–

(क) श्री ५ को सरकार वा कुनै संगठित संस्थाको कर्मचारी वा अन्य कुनै राष्ट्र-सेवकलाई समाह्वान तामेल गर्नु परेमा सो कर्मचारी वा राष्ट्रसेवक बहाल रहेको कार्यालयमा समाह्वान तामेल गर्न पठाए हुन्छ । सोबमोजिम कुनै समाह्वान तामेल गर्न पठाएकोमा सो कार्यालयमा तत्काल उपस्थित प्रशासकीय प्रमुखले एक प्रति समाह्वान सम्बन्धित कर्मचारी वा राष्ट्रसेवकलाई बुझाई अर्को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिमा तामेलीको व्यहोरा र मिति जनाई सो कर्मचारी वा राष्ट्रसेवकको सहीछाप गराई अदालतमा फिर्ता पठाएपछि समाह्वान रीतपूर्वक तामेल भएको मानिनेछ।

(ख) कुनै संगठित संस्थाको नाउँमा समाह्वान तामेल गर्नु परेमा सो समाह्वानको एक प्रति सो संस्थाको प्रधान वा स्थानीय कार्यालयमा बुझाई अर्को प्रतिमा तामेलीको व्यहोरा र मिति जनाई समाह्वान बुझिलिने व्यक्तिको सहीछाप गराई अदालतमा फिर्ता गर्नुपर्छ। सोबमोजिम तामेल भएको समाह्वान रीतपूर्वक तामेल भएको मानिनेछ।

(६) समाह्वान तामेल गर्दा अभियुक्तलाई दफा ४० को उप-दफा (७) बमोजिम पठाइएको नक्कल लिखतहरू पनि अवस्थानुसार समाह्वान साथै दिन वा टाँस्नपर्छ।

४५. बन्द सवाल : (१) अदालतले बन्द सवाल पठाउँदा अनुसूची १६ बमोजिमको ढाँचामा पठाउनुपर्छ।

(२) बन्द सवाल प्राप्त गर्ने अदालतले सम्बन्धित साक्षीको नाउँमा समाह्वान जारी गरी वा थुनामा कैदमा रहेकोमा सम्बन्धित कारागार वा थुनामा राख्ने कार्यालयलाई लिखित आदेश पठाई सो साक्षीलाई अदालतमा उपस्थित गराई बन्द सवालमा उल्लेख भएका प्रश्नहरू र मुद्दाका पक्षहरू उपस्थित भै साक्षी परीक्षण, जिरह र पुनः साक्षी परीक्षण गरेको भए त्यस सन्दर्भमा सोधिएका प्रश्नहरू तथा अदालतले आवश्यक सम्झेको अन्य प्रश्नहरूको समेत जवाफ लिई बन्द सवाल सम्बन्धित अदालतमा फिर्ता पठाई दिनुपर्छ।

(३) उप-दफा (२) बमोजिम जारी भएको समाह्वानमा तोकिएको तारीखमा साक्षी उपस्थित नभए सोही व्यहोरा उल्लेख गरी बन्द सवाल सम्बन्धित अदालतमा फिर्ता पठाई दिनुपर्छ।

## परिच्छेद–६

## पूर्पक्षको लागि अभियुक्तलाई थुनामा राख्ने वा निजसँग धरौट वा जमानत लिने

४६. अभियुक्तलाई थुनामा राख्ने : (१) देहायको कुनै अपराधको कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अदालतले अभियुक्तलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्छ :–

(क) मृत्युदण्ड वा जन्मकैदको सजाय हुन सक्ने अपराध,

(ख) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची १ मा उल्लिखित अपराध, वा

(ग) खण्ड (क) वा (ख) मा उल्लिखित अपराधको उद्योग, दुरुत्साहन वा आपराधिक वा षड्यन्त्र गरेको वा त्यस्तो अपराधमा मतियार भएको अपराध।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नेपाल अधिराज्यमा स्थायी बसोबास नभएको कुनै अभियुक्त छ महीना वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अदालतले निजलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्छ।

(३) उप-दफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि–

(क) अभियुक्त नावालक, महिला वा शारीरिक वा मानसिक रोग लागेको व्यक्ति रहेछ भने अदालतले धरौट वा जमानत लिई निजलाई थुनामा नराखे पनि हुन्छ।

(ख) अपराध हुँदाको परिस्थिति, अभियुक्तको उमेर, निजको शारीरिक वा मानसिक अवस्था र पहिलेको आचरणलाई विचार गर्दा निजलाई थुनामा राख्न उपयुक्त नदेखिएमा अदालतले धरौट वा जमानत लिई उप-दफा (१) को खण्ड (ख) मा उल्लिखित अपराध वा सो खण्डसंग सम्बन्धित खण्ड (ग) मा उल्लिखित अपराधको अभियुक्त वा उप-दफा (२) मा उल्लिखित अभियुक्तलाई थुनामा नराखे पनि हुन्छ।

४७. अभियुक्तसंग धरौट वा जमानत लिने : (१) दफा ४६ को उप-दफा (१) मा उल्लिखित अपराध बाहेक अन्य कुनै अपराधको कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अदालतले अभियुक्तसंग धरौट वा जमानत लिई मुद्दाको पूर्पक्ष गर्नुपर्छ।

तर दफा ४६ को उप-दफा (२) मा उल्लिखित अभियुक्तको हकमा यो उप-दफा लागू हुने छैन।

(२) उप-दफा (१) बमोजिम अदालतले मागेको धरौट वा जमानत नदिने अभियुक्तलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्छ।

४८. कारवाईको जुनसुकै अवस्थामा पनि दफा ४६ र ४७ लागू हुने : (१) मुद्दाको कारवाई जुनसुकै अवस्थामा पुगेको भए पनि अदालतले दफा ४६ वा ४७ बमोजिम अभियुक्तलाई अवस्थानुसार थुनामा राख्न वा निजसंग धरौट वा जमानत माग्न हुन्छ। शुरुमा अभियुक्तलाई थुनामा नराखेको वा निजसंग धरौट वा जमानत नलिएको कारणले मात्र पछि निजलाई सोबमोजिम थुनामा राख्न वा निजसंग धरौट वा जमानत माग्न अदालतलाई बाधा परेको मानिने छैन।

(२) दफा ४६ वा दफा ४७ को उप-दफा (२) बमोजिम वा दफा ४९ बमोजिम थुनामा परेको कुनै अभियुक्त कसूरदार होइन भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा मुद्दाको कारवाई जुनसुकै अवस्थामा पुगेको भए पनि अदालतले निजलाई थुनाबाट छोड्न सक्नेछ।

४९. थप धरौट वा जमानत माग्न हुने : कुनै अभियुक्तसंग लिएको धरौट वा जमानत पछि अपर्याप्त देखिन आएमा अदालतले निजसंग थप धरौट वा जमानत माग्न र निजले सो बमोजिम थप धरौट वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260

५०. धरौट वा जमानतको अङ्क : (१) यो संहिताबमोजिम लिनुपर्ने धरौट वा जमानतको अङ्क तोक्दा देहायको कुराहरूको विचार गरी चर्को नपर्ने किसिमले तोक्नुपर्छ :–

(क) अपराधको प्रकृति,

(ख) अभियुक्त वा कसूरदारको आर्थिक अवस्था एवं पारिवारिक स्थिति,

(ग) निजको पहिलेको आचरण,

(घ) निजको उमेर र पहिले कुनै अपराधको कसूरदार ठहरी सजाय पाएको छ वा छैन भन्ने कुरा, र

(ङ) निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति ।

(२) यो संहिताअन्तर्गत कुनै व्यक्तिसंग मागिएको धरौट वा जमानत चर्को भयो भन्ने कुनै मनासिव कारण देखाई त्यस्तो व्यक्तिले निवेदन दिएमा पुनरावेदन सुन्ने अदालतले सो धरौट वा जमानतको अङ्क घटाउन सक्नेछ ।

५१. धरौट वा जमानत लिंदा कागज गराउने : (१) यो संहिताबमोजिम कुनै व्यक्तिसंग धरौट लिंदा अदालतबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा धरौट जफत हुने शर्त उल्लेख गरी कागज गराउनुपर्छ ।

(२) यो संहिताबमोजिम जमानत लिंदा जमानतको अङ्क तोकी सोबमोजिम सम्पत्ति जमानत लिनुपर्छ । जमानत दिनु पर्ने व्यक्तिले आफ्नै सम्पत्ति जमानत दिएको भए अदालत-बाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा निजको अरू कुनै सम्पत्तिबाट असूल गर्ने शर्त उल्लेख गरी निजको कागज गराउनुपर्छ । निजको लागि अरू कसैले आफ्नो सम्पत्ति जमानत दिएको भए अदालतबाट तोकिएको समय र स्थानमा निजलाई उपस्थित नगराएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा त्यस्तो व्यक्तिको अरू कुनै सम्पत्तिबाट असूल गर्ने शर्त गराई त्यस्तो व्यक्ति-को कागज गराउनुपर्छ ।

(३) धरौट वा जमानत दिनुपर्ने व्यक्ति नाबालक भए उप-दफा (१) वा (२) बमोजिम गराउनुपर्ने कागज निजको सट्टा निजको संरक्षकबाट गराए हुन्छ ।

५२. अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति अनुपस्थित भएमा धरौट जफत गर्ने वा जमानतको रकम असूल गर्ने: अदालतबाट तोकिएको समय र स्थानमा उपस्थित हुनुपर्ने व्यक्ति तोकिएबमोजिम उपस्थित नभएमा तत्सम्बन्धमा राखेको धरौट जफत हुनेछ, जमानत दिएको भए दफा ५१ बमोजिम गराइएको कागज अनुसार जमानतको रकम असूल गरिने छ ।

तर त्यस्तो व्यक्तिले आफू उपस्थित हुन नसकेको कुनै मनासिव कारण देखाएमा अदालतले सोबमोजिम नगर्न पनि सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३. धरौट फिर्ता र जमानत फुकुवा गर्ने : (१) यो संहिताबमोजिम अन्यथा हुनेमा बाहेक, तहकीकातको सिलसिलामा लिएको धरौट वा जमानत तहकीकात सकिएपछि फिर्ता वा फुकुवा गरिदिनुपर्छ ।

(२) यो संहिताबमोजिम अन्यथा हुनेमा बाहेक, अदालतले कुनै मुद्दामा कारवाईको लागि लिएका धरौट वा जमानत सो मुद्दाको निर्णय भएपछि फिर्ता वा फुकुवा गरिदिनुपर्छ ।

५४. खास अवधिभित्र मुद्दा फैसला नभएमा थुनाबाट छोड्नुपर्ने : यो परिच्छेदबमोजिम कारवाईको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तोकिएको तारीखको मितिले एक वर्षभित्र मुद्दाको किनारा नभएमा त्यस्तो अभियुक्त, दफा ४६ बमोजिम थुनामा राखिएको भए निजसंग धरौट जमानत लिई र दफा ४७ को उप–दफा (२) वा दफा ४६ बमोजिम थुनामा राखिएको भए धरौट वा जमानत केही नलिई थुनाबाट छोडी मुद्दाको कारवाई गर्नुपर्छ ।

तर–

(क) मृत्युदण्ड वा जन्मकैदको सजाय हुने कुनै अपराधको अभियोग लागेको कुनै अभियुक्त दफा ४६ बमोजिम थुनामा परेको रहेछ भने निजको सम्बन्धमा यो दफा लागू हुने छैन ।

(ख) पटके अपराधीलाई अदालतले मनासिब सम्झेमा थुनामै राखी कारवाई गर्न सक्नेछ ।

५५. थुनामा राख्न सकिने अधिकतम अवधि : यो परिच्छेदको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्तलाई कुनै हालतमा पनि निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन ।

५६. पर्चा खडा गर्ने : यो परिच्छेदबमोजिम कुनै अभियुक्तलाई थुनामा राख्दा, थुनामा राखिएको अभियुक्तलाई छोड्दा वा कुनै अभियुक्तसंग धरौट वा जमानत लिंदा कारण सहितको पर्चा खडा गर्नुपर्छ ।

## परिच्छेद–७

## तारीखसम्बन्धी व्यवस्था

५७. तारीख तोक्ने : अदालतले मुद्दाको पक्षहरूको उपस्थितिमा गर्नुपर्ने प्रत्येक कामको लागि तारीख तोक्नुपर्छ र प्रत्येक तारीखमा तोकिएको काम गर्नुपर्छ ।

तर कुनै कारणवश तोकिएको तारीखमा तोकिएको काम हुन नसकेमा त्यसको कारण अनुसूची १७ बमोजिमको तारीखपत्रमा जनाई अर्को तारीख तोक्न हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८. तारीखपत्र : प्रत्येक मुद्दामा अदालतले अनुसूची १७ बमोजिमको ढाँचामा तारीखपत्र खडा गरी मिसिल सामेल राख्नुपर्छ र प्रत्येक पटक तारीख तोक्दा कुन कामको लागि कहिलेको तारीख तोकिएको हो सो कुरा सो तारीखपत्रमा जनाई मुद्दाको पक्षहरूको सहीछाप गराई सम्बन्धित कर्मचारीले पनि सहीछाप गर्नुपर्छ ।

५९. तारीख पर्चा : प्रत्येक मुद्दामा अदालतले मुद्दाको पक्षहरूलाई अनुसूची १८ बमोजिमको ढाँचामा तारीख पर्चा दिनुपर्छ र तारीख तोक्दा कुनै पक्षले सो पर्चा पेश गरेमा कुन कामको लागि कहिलेको तारीख तोकिएको हो सो कुरा सो पर्चामा जनाई सम्बन्धित कर्मचारीले सहीछाप गर्नुपर्छ ।

६०. तारीख तोक्दा पक्षहरूलाई सुविधा हुने किसिमले तोक्नु पर्ने : मुद्दामा कुनै कामको लागि तारीख तोक्दा यथासम्भव मुद्दाका पक्षहरूको सुविधा र तोकिएको काम हुन सक्ने वा नसक्ने कुराको विचार गरी तोक्नुपर्छ । अनावश्यक रूपमा पक्षहरूलाई असुविधा हुने किसिमले वा कुनै काम नतोकी तारीख तोक्न हुंदैन ।

६१. अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति थुनामा परेमा सूचना दिने वा अदालतमा उपस्थित गराउन आदेश दिने : (१) अदालतबाट कुनै कामको लागि तोकिएको तारीखको दिन उपस्थित हुनुपर्ने व्यक्ति कुनै व्यहोराले थुनिएको वा कैद परेको रहेछ भने आफू थुना वा कैदमा परेको कारागारमार्फत सो कुराको सूचना पठाउनुपर्छ ।

(२) तोकिएको तारीखमा उपस्थित हुनुपर्ने व्यक्ति थुनिए वा कैद परेको रहेछ भने अदालतले निजलाई उपस्थित गराउन तारीख तोकी सम्बन्धित कारागारलाई आदेश दिन सक्नेछ ।

६२. तारीखको दिन उजूरवाला वा अभियुक्त अनुपस्थित भएमा त्यसको परिणाम : (१) अनुसूची १ मा उल्लिखित अपराधसम्बन्धी मुद्दामा बाहेक अन्य कुनै मुद्दामा पूर्पक्षको लागि तोकिएको तारीखको दिन उजूरवाला अनुपस्थित भएमा अदालतले १५ दिनपछिको अर्को तारीख तोकी मुद्दा खारेज गर्न सक्नेछ ।

तर सोबमोजिम तोकिएको अर्को तारीखको दिन उजूरवाला उपस्थित भै आफ्नो काबुबाहिरको कुनै परिस्थितिले गर्दा अघिल्लो तारीखमा उपस्थित हुन नसकेको कुनै मनासिब कारण देखाई निवेदनपत्र दिएमा अदालतले मुद्दा खारेज गर्ने छैन ।

(२) यो संहिताबमोजिम अदालतमा बयान वा प्रतिउत्तरपत्र दिइसकेपछि तोकिएको तारीखमा अभियुक्त अदालतमा अनुपस्थित भएमा निजको अनुपस्थित भएपनि अदालतले मुद्दाको कारवाई र फैसला गर्न सक्नेछ । बयान वा प्रतिउत्तरपत्र दिनुभन्दा पहिले अभियुक्त तोकिएको तारीखमा अनुपस्थित भएमा निजलाई पक्राउ गरी अदालतमा उपस्थित गराउन दफा ४१ बमोजिम पक्राउ पूर्जी जारी गर्नुपर्छ र सो दफाको उप-दफा (७) बमोजिम त्यस्तो **अभियुक्तको सम्पत्ति समेत रोक्का गर्नुपर्छ ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–८
## वारिससम्बन्धी व्यवस्था

६३. वारिसको नियुक्ति : (१) मुद्दाको कुनै पक्षले उजूर वा पुनरावेदनपत्र वा प्रतिउत्तरपत्र दिन, प्रमाण पेश गर्न, फैसलाबमोजिम बिगो, क्षतिपूर्ति वा अन्य कुनै कुरा भराई लिन वा मुद्दासम्बन्धी अन्य कुनै आवश्यक काम गर्न आफ्नो वारिस नियुक्त गर्न सक्नेछ ।

तर –

(क) यो संहिताबमोजिम बयान दिनुपर्ने अवस्थाको अभियुक्तले अदालतमा आफैं उपस्थित भै बयान गर्नुपर्छ, वारिसमार्फत बयान दिन पाउने छैन ।

(ख) कुनै मनासिब कारणबाट अदालतले आवश्यक सम्झेमा वारिस रहेको वा राख्न पाउने अवस्था भए पनि मुद्दाको पक्षलाई आफैं अदालतमा उपस्थित हुन आदेश दिन सक्नेछ ।

(ग) थुनामा रहेको वा पहिले नै धरौट वा जमानत दिई सकेकोमा बाहेक विदेशी नागरिक वा नागरिकताको ठेगाना नभएको व्यक्तिले मुद्दाको फैसला हुँदा कानून बमोजिम आफूलाई हुन सक्ने सजाय बराबरको रकम धरौट नराखेसम्म वा सो बापत जमानत नदिएसम्म वारिस नियुक्त गर्न पाउने छैन ।

(२) वारिस नियुक्त गर्दा अनुसूची १९ बमोजिमको ढाँचामा देहायको कुराहरू उल्लेख गरी अख्तियारनामा लेखी नियुक्त गर्नुपर्छः–

(क) मुद्दाको विषय,

(ख) वारिस हुने व्यक्तिको पूरा नाम, ठेगाना र उमेर,

(ग) निजमा दफा ६४ बमोजिमको कुनै अयोग्यता छैन भन्ने कुरा, र

(घ) निजले गर्न अख्तियार पाएको काम वा कामहरू ।

(३) वारिस हुने व्यक्तिले अख्तियारनामाबमोजिम आफू वारिस भै काम गर्न मञ्जुर भएको र आफूमा दफा ६४ बमोजिमको कुनै अयोग्यता नभएको कुरा अख्तियारनामा मै आफ्नो स्वीकृति जनाउनुपर्छ ।

(४) अख्तियारनामा लेख्दा कम्तीमा दुईजना साक्षी राख्नुपर्छ र त्यसमा वारिस नियुक्त गर्ने पक्ष र साक्षीहरूको सहीछाप गराउनुपर्छ ।

६४. वारिस हुन नपाउने व्यक्तिहरूः देहायको कुनै व्यक्ति मुद्दामा वारिस हुन योग्य मानिने छैनः–

(क) जालसाजी वा किर्तेको अभियोगमा सजाय पाएको व्यक्ति, वा

(ख) प्रचलित नेपाल कानूनबमोजिम करार गर्न अयोग्य व्यक्ति ।

तर मुद्दाको कुनै पक्षले आफ्नो एकाघरसंगको कुनै नातेदारलाई वारिस नियुक्त गर्न खण्ड (क) मा उल्लेख भएको अयोग्यतासम्बन्धी कुरा लागू हुनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६५. एकैसाथ एकभन्दा बढी व्यक्तिको वारिस हुन सक्ने: एउटै व्यक्ति एकैसाथ एकभन्दा बढी व्यक्तिहरूको वारिस हुन सक्नेछ।

तर कुनै मुद्दामा वारिस भएको व्यक्ति सोही मुद्दामा विपक्षीको वारिस हुन सक्ने छैन।

६६. पक्ष वारिस हुन सक्ने: कुनै मुद्दामा एउटै पक्षको दुई वा सोभन्दा बढी व्यक्तिले आफू मध्येको कुनै व्यक्तिलाई वारिस नियुक्त गर्न हुन्छ।

६७. वारिसको अधिकार: वारिसले आफूलाई नियुक्त गर्ने पक्षको तर्फबाट अख्तियारनामामा लेखिएबमोजिमको सबै काम गर्न सक्नेछ।

६८. वारिस बदल्ने वा खारिज गर्ने अधिकार: वारिस नियुक्त गर्ने पक्षले चाहेमा जुनसुकै बखत अख्तियारनामा बदर गरी आफैले मुद्दासम्बन्धी काम गर्न वा अर्को वारिस नियुक्त गर्न हुन्छ।

(२) उप-दफा (१) बमोजिम अख्तियारनामा बदर गर्नु पर्दा सम्बन्धित पक्षले अदालतमा निवेदनपत्र दिनुपर्छ।

६९. पक्षलाई भएको सजायमा वारिसलाई पक्राउ गर्न नहुने: मुद्दाको फैसला हुँदा वारिस नियुक्त गर्ने पक्षलाई कानूनबमोजिम भएको सजाय वा सो पक्ष उपर परेको दायित्वको सम्बन्धमा वारेसलाई पक्राउ गर्न हुँदैन।

७०. वारिस नियुक्त गर्ने अधिकारले परिच्छेद ६ को व्यवस्थामा प्रतिकूल असर नपार्ने: यो परिच्छेदबमोजिम वारिस नियुक्त गर्ने अधिकार पाएको कारणले मात्र अभियुक्तलाई मुद्दाको कारवाईको लागि थुनामा राख्ने वा निजसंग धरौट वा जमानत लिने परिच्छेद ६ मा भएका व्यवस्थाहरूलाई कुनै प्रतिकूल असर पुर्‍याएको मानिने छैन।

## परिच्छेद–९

## मुद्दाको स्थानान्तरण र मुलतवी

७१. मुद्दाको स्थानान्तरण: (१) कुनै अदालतमा दायर भै छिन्न बाँकी रहेको कुनै मुद्दा देहायको अवस्थामा सर्वोच्च अदालतले समान स्तरको अर्को अदालतमा सार्न सक्नेछ:–

(क) मुद्दा दायर रहेको अदालतमा सो मुद्दाको कारवाई निष्पक्ष रूपमा हुन नसक्ने कुनै मनासिब कारण भएमा,

(ख) अपराध भएको क्षेत्रको अदालतमा मुद्दा दायर नभई अन्यत्र दायर भएकोमा सो मुद्दा अपराध भएकै क्षेत्रको अदालतबाट राम्रोसंग कारवाई हुन सक्ने कुनै मनासिब कारण भएमा, वा

(ग) मुद्दा सार्दा साधारणतया पक्ष र साक्षीहरू सबैलाई सुविधाजनक हुने देखिएमा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै मुद्दामा कुनै जटिल कानूनी प्रश्न समावेश भएकाले सो मुद्दाको फैसला वा त्यसमा समावेश भएको कुनै कानून प्रश्नको निर्णय सर्वोच्च अदालतबाट हुनु उपयुक्त छ भन्ने कुरा सम्बन्धित पक्षको निवेदनपत्र वा मुद्दा दायर रहेको अदालतको प्रतिवेदन वा अन्य कुनै कारणबाट सर्वोच्च अदालतलाई लागेमा सर्वोच्च अदालतले सो मुद्दा झिकाई आफैले निर्णय गर्न वा त्यसमा समावेश भएको कुनै कानूनी प्रश्नको सम्म निर्णय गरी अन्य कुराहरूको निर्णयको लागि मिसिल सम्बन्धित अदालतमा फिर्ता पठाउन सक्नेछ ।

(३) कुनै अदालतमा दायर रहेको कुनै मुद्दा यो संहिताबमोजिम सो अदालतको न्यायाधीशले हेर्न नहुने कुनै कारण भएमा सो कुरा उल्लेख गरी पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन पठाउनुपर्छ र सोबमोजिम प्रतिवेदन प्राप्त भएमा पुनरावेदन सुन्ने अदालतले पनि सो मुद्दा आफ्नो क्षेत्रको समान अधिकार क्षेत्र भएको एउटा अदालतबाट अर्को अदालतमा सार्न सक्नेछ ।

७२. मुद्दा सार्न पक्षले निवेदनपत्र दिन पाउने: कुनै मुद्दा दफा ७१ को उप-दफा (१) बमोजिम अर्को अदालतमा सार्न मुद्दाको कुनै पक्षले निवेदनपत्र दिन सक्नेछ ।

तर–

(क) शुरू अदालतमा दायर रहेको मुद्दामा प्रमाण बुझिसकेपछि मुद्दा सार्न निवेदनपत्र लाग्ने छैन ।

(ख) दफा ७१ मा लेखिएबमोजिमको कुनै मनासिब कारण नभै मुद्दा लम्ब्याउने वा आफ्नो विपक्षीलाई दु:ख दिने मनसायले कुनै पक्षले मुद्दा सार्न निवेदनपत्र दिएको देखिएमा सर्वोच्च अदालतले निजलाई पाँच सय रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

७३. सम्बन्धित मुद्दा मुलतवी राख्ने: (१) भिन्न भिन्न अदालतमा दायर रहेको भिन्न भिन्न मुद्दाहरूमध्ये एउटाको निर्णय नभै अर्कोको निर्णय हुन नसक्ने वा गर्न नहुने वा एउटाको निर्णयबाट अर्कोको निर्णयमा तात्विक असर पर्ने कुनै मनासिब कारण देखाई ती मुद्दाहरूका कुनै पक्षले निवेदनपत्र दिएमा वा मुद्दाको कारवाईको सिलसिलामा अदालतले स्वयं देखेमा सो अर्को मुद्दा मुलतवी राख्न वा राख्न लाउनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम कुनै अदालतले अर्को अदालतमा दायर रहेको कुनै मुद्दा मुलतवी राख्न लगाउनु पर्ने भएमा सो अदालतलाई मुद्दा मुलतवी राखी दिन लेखी पठाउनु पर्छ ।

(३) उप-दफा (१) वा (२) बमोजिम कुनै अदालतले आफूकहाँ दायर रहेको कुनै मुद्दा मुलतवी राख्नु परेमा सो कुरा पक्षहरूलाई लिखित रूपमा सूचित गरी मुद्दाको सबै कारवाई स्थगित गर्नुपर्छ र सम्बन्धित अर्को मुद्दा दायर रहेको अदालतलाई सो कुराको सूचना दिनुपर्छ । त्यस्तो सूचना प्राप्त भएपछि सो अदालतले पनि आफूकहाँ दायर रहेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो सम्बन्धित मुद्दाको फैसला भएपछि तीस दिनभित्र सो फैसलाको एक प्रति नक्कल सहित मुद्दा मुलतवी रहेको अदालतलाई सो कुरा सूचित गर्नुपर्छ। सोबमोजिमको सूचना पाएपछि मुद्दा मुलतवी रहेको अदालतले तारीख तोकी मुद्दाको पक्षहरूलाई लिखित सूचना दिई मुलतवी जगाई कारवाई गर्नुपर्छ।

(४) यो दफाबमोजिम मुद्दा मुलतवी राख्नु वा राख्न लाउनुभन्दा पहिले अदालतले चाहेमा निवेदन दिने पक्षलाई सम्बन्धित लिखतहरूको नक्कल पेश गर्ने आदेश दिन सक्नेछ।

७४. अभियुक्त उपस्थित नभएकोमा मुद्दा मुलतवी राख्ने: (१) पक्राउ पूर्जी जारी भएको अभियुक्त दफा ४१ बमोजिम सूचना जारी भएको मितिले एक वर्षसम्म पनि उपस्थित भएन वा गराइएन भने अदालतले उजूरवालाको सबै प्रमाणहरू बुझी मुद्दा मुलतवी राख्नुपर्छ।

तर–

(क) अदालतमा बयान वा प्रतिउत्तर दिइसकेपछि अनुपस्थित भएको अभियुक्तको हकमा मुद्दा मुलतवी राखिने छैन, उजूरवालाले पेश गरेको प्रमाणहरू र अदालतले मनासिव सम्झेको अन्य प्रमाणहरू बुझी मुद्दा फैसला गर्नुपर्छ।

(ख) दुई वा सोभन्दा बढी अभियुक्तहरू भएको मुद्दामा कुनै अभियुक्त अनुपस्थित भएको कारणले मात्र अन्य अभियुक्तहरूको हकमा मुद्दा मुलतवी राखिने छैन।

(२) उप-दफा (१) बमोजिम कुनै मुद्दा मुलतवी रहने भएमा उजूरवालालाई सो कुराको सूचना दिई मुद्दाको सबै कारवाई स्थगित गरिदिनुपर्छ।

(३) उप-दफा (१) बमोजिम मुद्दा मुलतवी रहेकोमा उप-दफा (४) बमोजिम मुद्दा खारेज हुनुभन्दा पहिले कुनै बखत अभियुक्त अदालतमा उपस्थित भएमा वा गराइएमा अदालतले मुलतवी जगाई उजूरवालालाई सो कुराको सूचना दिई मुद्दाको कारवाई गर्नुपर्छ। यो उप-दफा वा दफा ७३ बमोजिम मुलतवी जगाई उजूरवालालाई दिइने सूचना समाह्वान सरह तामेल गरिनेछ।

(४) उप-दफा (१) बमोजिम मुद्दा मुलतवी रहेको मितिले देहायको अवधिभित्र अभियुक्त अदालतमा उपस्थित भएन वा गराइएन भने अदालतले त्यस्तो अभियुक्तको सम्बन्धमा मुद्दा खारेज गरिदिनुपर्छ:–

(क) जरीवानाको मात्र सजाय हुने अपराधको अभियोग लागेको अभियुक्त भए पाँच वर्ष,

(ख) दुई वर्षसम्म कैदको सजाय हुन सक्ने अपराधको अभियोग लागेको अभियुक्त भए पन्ध्र वर्ष,

(ग) दुई वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको अभियोग लागेको अभियुक्त भए पैंतीस वर्ष, र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २०७८

(घ) मृत्युदण्ड वा जन्मकदको सजाय हुन सक्ने अपराधको अभियोग लागेको अभियुक्त भए पचास वर्ष, र

(५) उप-दफा (१) बमोजिम मुद्दा मुलतवी रहेको तीन वर्षसम्म पनि अभियुक्त अदालतमा उपस्थित भएन वा गराइएन भने दफा ४१ बमोजिम रोक्का भएको निजको हकको सम्पत्ति प्रचलित नेपाल कानूनबमोजिम लिलाम बिक्री गरी प्राप्त भएको रूपैयाँ श्री ५ को सरकारको संचित कोषमा दाखिल गर्नुपर्छ ।

(६) उप-दफा (४) बमोजिम मुद्दा खारेज हुनुभन्दा पहिले अभियुक्त अदालतमा उपस्थित भयो वा गराइयो र निजले आफ्नो विरुद्धमा मुद्दा चलेको कुरा थाहै नपाएकोले उपस्थित हुन नसकेको भनी अदालतलाई विश्वास पर्ने कुनै प्रमाण पेश गर्‍यो भने अदालतले देहायबमोजिमको खर्चहरू कटाई वा असूल गरी रोक्का रहेको सम्पत्ति वा उप-दफा (५) बमोजिम लिलाम बिक्रीबाट प्राप्त भएको रूपैयाँ निजलाई फिर्ता गर्ने आदेश दिनुपर्छः–

(क) उप-दफा (५) बमोजिम सम्पत्ति लिलाम बिक्री भैनसकेकोमा सो सम्पत्ति रोक्का राख्दा लागेको खर्चहरू, र

(ख) सम्पत्ति लिलाम बिक्री भैसकेकोमा सो सम्पत्ति रोक्का राख्दा र लिलाम बिक्री गर्दा लागेको खर्चहरू ।

## परिच्छेद–१०
## प्रमाणसम्बन्धी व्यवस्था

**७५. उजूरी, प्रतिउत्तरपत्र वा बयानमा प्रमाण खुलाउन र साथमा लिखत प्रमाण पेश गर्नुपर्ने:** उजूरवालाले उजूरीमा र अभियुक्तले बयान वा प्रतिउत्तरपत्रमा आफ्नो साक्षी, लिखत र दसी प्रमाण सबै खुलाउनुपर्छ र लिखत वा दसी प्रमाणको प्रकृतिबाट आफूसंग रहनु पर्ने वा आफूले प्राप्त गर्न सक्ने लिखत वा दसी प्रमाण उजूरवालाले उजूरीका साथ र अभियुक्तले प्रतिउत्तरपत्रका साथ वा बयान गर्दा पेश गर्नुपर्छ ।

तर–

(क) अभियुक्तले बयान गर्दा वा प्रतिउत्तरपत्र दिंदा आफ्नो प्रमाण खुलाउन वा कुनै लिखत वा दसी प्रमाण पेश गर्ने अर्को तारीख तोकी पाउँ भनी अनुरोध गरेमा अदालतले अर्को तारीख तोक्न सक्नेछ ।

(ख) दफा ७९ को उप-दफा (१) बमोजिम किर्ते वा जालसाजीसम्बन्धी प्रमाण बुझ्ने कुराको हकमा सोही दफाबमोजिम हुनेछ ।

(ग) मुद्दाको पूर्पक्ष हुँदा कुनै नयाँ तथ्यको समर्थन वा खण्डन गर्नुपर्ने हुन आएमा अदालतको अनुमति लिई सम्बन्धित पक्षले नयाँ प्रमाण पेश गर्न सक्नेछ ।

(घ) कुनै दसी प्रमाण अदालतमा बोकी ल्याउन नसकिने भए सो प्रमाणको फोटो प्रतिलिपि मात्र दाखिल गरे पनि हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) कुनै लिखत प्रमाण अदालतमा बोकी ल्याउन नसकिने भएमा त्यसको रीत-पूर्वकको नक्कल मात्र दाखिल गरे पनि हुन्छ ।

७६. लिखत प्रमाणहरूको नक्कल पेश गर्नुपर्ने: मुद्दाको कुनै पक्षले दफा ७५ बमोजिम कुनै लिखत प्रमाण पेश गर्दा आफ्नो विपक्षीहरूको संख्याभन्दा एक प्रति बढी लिखतको नक्कल प्रतिहरू पनि साथै पेश गर्नुपर्छ ।

७७. सक्कल लिखत फिर्ता दिने: (१) दफा ७५ बमोजिम कुनै लिखत अदालतमा दाखिल भएपछि अदालतले सो सक्कल लिखतसंग दफा ७६ बमोजिम पेश भएको नक्कल प्रतिहरू रूजु गर्न लगाई सक्कलबमोजिम नक्कल दुरूस्त छ भनी सो रूजु गर्ने कर्मचारीले प्रत्येक लिखतमा लेखी आफ्नो सहीछाप गरी सो लिखत पेश गर्ने पक्षको सहीछाप गराई अदालतको छाप लगाउनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम सक्कल लिखतसंग नक्कल लिखत रूजु गरिसकेपछि सो रूजु गर्ने कर्मचारीले सक्कल लिखतको पीठमा अदालतको छाप लगाई आफ्नो सहीछाप गरी सो लिखत पेश गर्ने पक्षलाई फिर्ता दिनुपर्छ ।

७८. पक्षहरूको उपस्थितिमा प्रमाण बुझ्नु पर्ने: अदालतले मुद्दाको दुवै पक्षहरूको उपस्थितिमा प्रमाण बुझ्नुपर्छ ।

तर–

प्रमाण बुझ्न तोकिएको तारीखमा कुनै पक्ष अनुपस्थित भएमा निजको अनुपस्थितिमा पनि अर्को पक्षको प्रमाण बुझ्न हुन्छ ।

७९. लिखत प्रमाणसम्बन्धी व्यवस्था: (१) प्रमाण बुझ्न तोकिएको तारीखमा अदालतले मुद्दाको पक्षहरूबाट प्रमाणको लिखतहरू सक्कलै पेश गर्न लगाई एउटा पक्षले पेश गरेको लिखत अर्को पक्षलाई देखाई सो लिखत सद्दे, जालसाजी वा किर्ते के हो खुलाई निजको बयान लिनुपर्छ ।

तर–

(क) यो दफाबमोजिम कुनै पक्षलाई आफ्नो विपक्षीको प्रमाणको कुनै लिखत देखाउँदा निजले सद्दे, किर्ते वा जालसाजी छुट्टयाउन असमर्थता देखाई त्यसको निमित्त समय मागेमा अदालतले आवश्यकतानुसार बढीमा सात दिनसम्मको तारीख तोकी सो तारीखमा निजको बयान गराउन र किर्ते वा जालसाजी भनी बयान गरेमा निजले त्यस सम्बन्धमा पेश गरेको प्रमाण पनि बुझ्नुपर्छ ।

(ख) अनुपस्थित वा प्रतिनिधित्व नभएको पक्षको हकमा सो पक्षलाई यो दफा बमोजिम लिखत देखाउन वा बयान गराउन आवश्यक हुने छैन ।

(२) कुनै लिखत किर्ते हो वा होइन भन्ने प्रश्नको निर्णय गर्न अदालतले तत्सम्बन्धी विशेषज्ञको सहायता लिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८०. कितें वा जालसाजी भनिएको लिखत मिसिलसाथ राख्नु पर्नेः दफा ७९ बमोजिम एउटा पक्षले पेश गरेको सक्कल लिखत अर्को पक्षलाई देखाउँदा सो अर्को पक्षले त्यसलाई कितें वा जालसाजी लिखत भनेमा सो लिखतको पीठमा दुवै पक्षको सहीछाप गर्न लगाई अदालतको छाप लगाई खामवन्दी गरी मिसिल साथ राख्नुपर्छ ।

८१. साक्षी बकाउने तरीकाः (१) प्रमाण बुझ्न तोकिएको तारीखको दिन उपस्थित भए-सम्मको सबै साक्षीहरूको बयान लिनुपर्छ । सो दिन उपस्थित सबै साक्षीहरूको बयान गराउन नभ्याएमा त्यसपछि अदालत खुल्ने अर्को दिन बयान लिनुपर्छ ।

(२) साक्षीको बयान अनुसूची २० मा तोकिएको ढाँचामा लिनुपर्छ र बयान लिनुभन्दा अगावै अदालतले निजलाई अनुसूची २१ मा तोकिएबमोजिमको शपथ लिन लगाउनुपर्छ ।

(३) साक्षीको बयान लिंदा एउटा साक्षीले बयान गर्न लागेको कुरा अर्को साक्षीले सुन्न नपाउने गरी बयान लिनुपर्छ र प्रश्न सोध्न बाहेक मुद्दाको पक्ष वा अरू कसैले कुनै कुरा साक्षीलाई भन्न वा सिकाउन दिनु हुँदैन ।

(४) साक्षीको बयान लिंदा निजसंग सोधिएका प्रश्नहरूको जवाफ लिइसकेपछि कुनै कुरा भन्न बाँकी छ कि भनी सोधी मुद्दामा सरोकारको कुनै कुरा भनेमा सो समेत लेखी निजको बयान निजलाई पढेर सुनाउनुपर्छ ।

(५) उप-दफा (४) बमोजिम कुनै साक्षीलाई बयान पढेर सुनाएपछि सो बयान निजले भनेबमोजिम लेखिएको छ वा छैन भनी सोधी त्यस सम्बन्धमा निजले दिएको जवाफ बयानको अन्तमा लेखी निजको सहीछाप गराउनुपर्छ ।

८२. वन्दसवालद्वारा साक्षीलाई बुझ्दाको कार्य प्रणालीः (१) दफा ६६ बमोजिम कुनै साक्षीलाई वन्दसवालद्वारा बुझिने भएमा अदालतले त्यसको सूचना मुद्दाको पक्षहरूलाई दिनुपर्छ र मुद्दाको कुनै पक्षले चाहेमा आफूले साक्षीसंग सोध्न चाहेको प्रश्नहरू सो वन्द-सवालमा समावेश गरियोस् भनी न्यायाधीशसंग अनुरोध गर्न सक्नेछ । सोबमोजिम कुनै प्रश्न समावेश गर्न कुनै पक्षले अनुरोध गरेमा सो प्रश्न समेत उक्त वन्दसवालमा समावेश गर्नुपर्छ ।

(२) मुद्दाको कुनै पक्षले चाहेमा वन्दसवाल पठाइएको अदालतमा उपस्थित भै प्रमाण ऐन, २०३१ बमोजिम साक्षी परीक्षण जिरह वा पुनः साक्षी परीक्षण गर्न सक्नेछ ।

८३. साक्षीलाई अदालतमा उपस्थित गराई बयान लिनु पर्नेः साक्षीको बयान न्यायाधीशको इजलासमा लिनुपर्छ ।

तर--

शारीरिक असमर्थताले गर्दा अदालतमा उपस्थित हुन नसक्ने साक्षीको बयान लिनु पर्दा सो साक्षी बसेको ठाउँमा न्यायाधीश आफै गै वा आफ्नो मातहतको कम्तीमा राजपत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनखितयार प्रथम श्रेणीको कर्मचारी खटाई बयान लिन वा लिन लाउनु हुन्छ । सोबमोजिम गर्दा मुद्दाको पक्षहरूलाई सो कुराको सूचना दिनुपर्छ ।

८४. एक पटक बुझिसकेको साक्षीलाई फेरी बुझ्नेः एक पटक बकाइसकेको साक्षीसंग पछि फेरि कुनै कुरा बुझ्नु परेमा पुनः समाह्वान जारी गरी बुझ्न हुन्छ ।

८५. नबुझी नहुने साक्षीलाई पक्राउ पूर्जी जारी गरी उपस्थित गराउनेः मुद्दामा नबुझी नहुने साक्षी समाह्वानबमोजिम उपस्थित नभएमा अदालतले पक्राउ पूर्जी जारी गरी उपस्थित गराई बुझ्न सक्नेछ ।

८६. साक्षी थुनिएको भए अदालतमा उपस्थित गराई बुझ्न सकिनेः मुद्दामा बुझ्न पर्ने साक्षी कुनै कारागारमा थुनिए वा कैद परेको भए अदालतले सो कारागारको मुख्य अधिकृतलाई लिखित आदेश दिई त्यस्तो साक्षीलाई उपस्थित गराई बुझ्न हुन्छ ।

## परिच्छेद–११
## मुद्दा फिर्ता लिने र मिलापत्र गर्ने व्यवस्था

८७. अनुसूची १ मा उल्लिखित अपराधसम्बन्धी मुद्दा फिर्ता लिन सकिनेः (१) अनुसूची १ मा उल्लिखित अपराधसम्बन्धी मुद्दा श्री ५ को सरकारले चाहेमा अदालतको अनुमति लिई फिर्ता लिन सक्नेछ ।

तर–

(क) त्यसरी कुनै मुद्दा फिर्ता लिने अनुमति दिनुभन्दा अगावै अदालतले अभियुक्तको समेत राय बुझी फिर्ता लिन अनुमति दिनेछ र अभियुक्तले चाहेमा निजलाई सो मुद्दामा व्यहोर्नु परेको खर्च बापत अदालतले मनासिब सम्झेको रकम श्री ५ को सरकारबाट भराई दिन सक्नेछ ।

(ख) यो उप-दफाबमोजिम कुनै मुद्दा फिर्ता लिने अनुमति दिंदा कुनै व्यक्तिको सम्पत्तिसम्बन्धी कुरामा असर पर्ने रहेछ भने सो व्यक्तिको मन्जूरी नभई अदालतले मुद्दा फिर्ता लिन श्री ५ को सरकारलाई अनुमति दिने छैन ।

(२) उप-दफा (१) बमोजिम श्री ५ को सरकारले कुनै मुद्दा फिर्ता लिन चाहेमा महान्यायाधिवक्तामार्फत अदालतमा निवेदनपत्र दिनुपर्छ ।

८८. मिलापत्रः अनुसूची १ मा उल्लिखित अपराधसम्बन्धी मुद्दा बाहेक अन्य कुनै मुद्दा सो मुद्दाको पक्षहरूको मन्जूरीले जुनसुकै अवस्थामा मिलापत्र हुन सक्नेछ ।

८९. मिलापत्र गर्दाको कार्यविधिः (१) मुद्दामा मिलापत्र गर्न चाहने पक्षहरूले जुन किसिमसंग मिल्न खोजेको हो सो व्यहोरा लेखी दुवै पक्षले सहीछाप गरी अदालतमा पेश गर्नुपर्छ ।

(२) उप-दफा (१) बमोजिम मिलापत्र गर्ने व्यहोराको लिखत अदालतमा पेश भएपछि अदालतले सो लिखत पढेर सुनाई सोबमोजिम राजी-खुशीले मिलापत्र गर्न चाहेको हो वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

होइन भनी सो लिखत पेश गर्ने पक्षहरूलाई सोध्नेछ र निजहरूले सोबमोजिम राजी-खुशीले मिलापत्र गर्न चाहेको हो भन्ने जवाफ दिएमा मिलापत्रको लिखत तयार गरी सो पक्षहरूको सहीछाप गराई मुद्दा हेर्ने अधिकारीले आफ्नो समेत सहीछाप गर्नुपर्छ ।

९०. मिलापत्र दस्तूर: मिलापत्र गराउँदा अदालतले मिल्ने पक्षहरूसंग देहायबमोजिम मिलापत्र दस्तूर आधा आधा असूल गर्नेछ:–

(क) शुरू तहको मुद्दामा:–

(१) बिगो खुलेको भए सो बिगो अङ्कको सयकडा तीन, र

(२) बिगो नखुलेको भए अभियुक्त उपरको आरोप प्रमाणित भएमा निजलाई हुन सक्ने अधिकतम सजायको सयकडा तीन ।

(ख) पुनरावेदन तहको मुद्दामा खण्ड (क) बमोजिम हुने अङ्कको सयकडा पच्चीस ।

९१. मुद्दा फिर्ता वा मिलापत्र भएमा त्यसको असर: (१) दफा ८७ बमोजिम कुनै मुद्दा श्री ५ को सरकारले फिर्ता लिएमा सो मुद्दाको अभियुक्त उपर सोही अपराधमा फेरी मुद्दा चल्ने छैन ।

(२) दफा ८९ बमोजिम मिलापत्र भएको कुरामा सोही पक्षहरूका बीचमा पछि कुनै कारवाई वा मुद्दा चल्ने छैन ।

तर मिलापत्रमा उल्लेख भएबमोजिम कुनै पक्षले कुनै काम गरेन भन्ने कुराको उजूरी दिन यस उप-दफाले बाधा पुऱ्याउने छैन ।

परिच्छेद–१२

मुद्दाको पुर्पक्ष र फैसला

९२. अभियुक्तलाई आरोप सम्झाउने: अभियुक्त अदालतमा उपस्थित भएपछि वा पक्राउ भै उपस्थित गराइएपछि अदालतले अभियुक्त उपरको अभियोग, तत्सम्बन्धी तथ्य सहितको विवरण र अभियोग प्रमाणित गर्न उजूरवालाले पेश गर्न चाहेको प्रमाणहरू स्पष्ट रूपमा सम्झाई तत्सम्बन्धी प्रतिवेदन, पर्चा वा उजूरी पढेर सुनाउनुपर्छ ।

९३. अभियुक्तको बयान: (१) दफा ९२ बमोजिम अभियुक्तलाई निज उपरको आरोप सुनाएपछि अदालतले त्यस सम्बन्धमा निजलाई के भन्नु छ सोधी अनुसूची २२ बमोजिमको ढाँचामा निजको बयान लिनुपर्छ ।

तर–

(क) तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची १ मा उल्लिखित अपराध बाहेक अन्य कुनै अपराधको अभियुक्तलाई अदालतले अनुमति दिएमा निजले बयान गर्नको सट्टा अनुसूची २३ मा तोकिएको ढाँचामा प्रतिउत्तरपत्र दाखिल गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पक्राउ भै अदालतमा उपस्थित गराइएको अभियुक्तले कुनै कानून व्यवसायीसंग सल्लाह लिन पाएको छ वा छैन भनी अभियुक्तसंग सोधी चाहेर पनि नपाएको भए बयान लिनुभन्दा अगावै निजलाई सो कुराको मौका दिनुपर्छ ।

(ग) यो उप-दफाबमोजिम बयान लिनुभन्दा अगावै अभियुक्तलाई आफ्नो विरूद्ध कुनै बयान दिन कर छैन भन्ने सचेत गराई त्यस्तो कुनै बयान दिएमा सो बयान निजको विरूद्ध प्रमाण लाग्न सक्छ भनी सम्झाउनुपर्छ ।

(घ) अभियुक्तको बयान लिंदा निजलाई शपथग्रहण गराउनु हुँदैन र अभियुक्तले बयान दिएको कुरालाई लिएर निजको उपर झूट्ठो बयान दिएको अभियोग लगाई निजलाई सजायभागी बनाउन हुँदैन ।

(२) अभियुक्तको बयान लिंदा प्रश्न र त्यसको जवाफ दुवै लेखवद्ध गर्नुपर्छ ।

(३) अभियुक्तको बयान भएपछि त्यसमा निजको सहीछाप गराई न्यायाधीशले पनि आफ्नो सहीछाप गर्नुपर्छ ।

९४. पर्याप्त आधार नभएमा मुद्दा खारेज गर्ने : प्रतिवेदन वा उजूरी र तत्सम्बन्धमा उजूरवालाले पेश गर्न चाहेको प्रमाण तथा दफा ९३ बमोजिम अभियुक्तले गरेको बयान वा दाखिल गरेको प्रतिउत्तरबाट अभियोग प्रमाणित हुने प्रयाप्त आधार नदेखिएमा अदालतले कारण उल्लेख गरी मुद्दा खारेज गर्न सक्नेछ ।

९५. अभियुक्तले साबिती बयान दिएमा मुद्दा फैसला गर्ने : अभियुक्तले साबिती बयान वा प्रतिउत्तरपत्र दिएमा अदालतले त्यसको आधारमा निजलाई कसूरदार ठहराई मुद्दा फैसला गर्न सक्नेछ ।

तर –

(क) एकभन्दा बढी अभियुक्तहरू भएको मुद्दामा एउटा अभियुक्तले साबिती बयान वा प्रतिउत्तरपत्र दिए पनि अन्य अभियुक्तको सम्बन्धमा यो संहिता बमोजिमको सबै कारवाई नटुंग्याई मुद्दाको फैसला गर्न हुँदैन ।

(ख) अभियुक्तले साबिती बयान गरे पनि मिसिल संलग्न प्रमाण वा अन्य कुनै कुराले निजको बयान साँचो होइन भन्ने विश्वास हुने कुनै कारण भएमा अदालतले यो दफाबमोजिम मुद्दा फैसला नगरी कारण सहितको पर्चा खडा गरी मुद्दाको प्रमाण बुझ्नुपर्छ ।

(ग) अभियुक्त आरोपित कार्यमा साबित भए पनि निजले सजाय छूट वा कम हुने जिकीर लिएमा सोसम्बन्धी सबै कुरा खुलाई निजको बयान लिई तत्सम्बन्धी प्रमाण बुझ्नुपर्छ ।

९६. प्रमाण बुझ्न तारीख तोक्ने : (१) अभियुक्तले दफा ९३ बमोजिम बयान गर्न इन्कार गरेमा वा प्रतिउत्तरपत्र दाखिल नगरेमा वा बयान वा प्रतिउत्तर दिएपनि आफू उपरको अभियोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वीकार नगरेमा वा अदालतले दफा ६५ को खण्ड (ख) बमोजिम पर्चा खडा गरेमा निर्णय दिनुपर्ने कुराहरू खुलाई पर्चा खडा गरी प्रमाण बुझ्ने तारीख तोक्नुपर्छ।

(२) प्रमाण बुझ्ने तारीख तोक्दा अदालतले साक्षीहरू उपस्थित हुन र प्रमाणका लिखत तथा चीजहरू पेश हुन सक्ने समयको अन्दाज गरी तोक्नुपर्छ।

(३) उजूरवाला वा अभियुक्तले कुनै साक्षीलाई उपस्थित गराउन वा कुनै लिखत वा अन्य कुनै चीज दाखिल गराउन समाह्वान जारी होस् भनी लिखित निवेदन दिएमा दफा ६७ बमोजिमको खर्चहरू दाखिल गराई अदालतले समाह्वान जारी गर्नुपर्छ।

तर –

(क) अदालतबाट टाढा रहेको साक्षीलाई अदालतले बन्दसवाल पठाई बुझ्न सक्नेछ।

(ख) अनुसूची १ मा उल्लिखित अपराधसम्बन्धी मुद्दामा कुनै पक्षले अनुरोध नगरे पनि अदालतले स्वयं आवश्यक देखिएको प्रमाण बुझ्न सक्नेछ।

(ग) कुनै साक्षीलाई उपस्थित गराउन वा कुनै लिखत वा चीज पेश गराउन मुद्दाको निर्णयको लागि आवश्यक छैन भन्ने लागेमा त्यस सम्बन्धमा पक्षलाई कारण देखाउने मौका दिई सो पक्षले मुनासिब कारण देखाउन नसकेमा पर्चा खडा गरी अदालतले समाह्वान जारी नगरे पनि हुन्छ।

६७. पक्षहरूबाट खर्चहरू दाखिल गराउने : (१) कुनै मुद्दामा कुनै पक्षले दफा ६६ बमोजिम समाह्वान जारी होस् भनी अदालतलाई अनुरोध गरेमा अदालतले निम्नलिखित खर्चहरू त्यस्तो पक्षबाट समाह्वान जारी गर्नुभन्दा पहिले नै दाखिला गराउनपर्छ :–

(क) समाह्वान जारी गर्दा लाग्ने खर्च,

(ख) प्रमाणको लिखत वा चीज पेश गर्ने समाह्वान जारी हुने भएमा सो गर्ने सम्बन्धित व्यक्तिलाई लाग्ने खर्च, र

(ग) साक्षीलाई उपस्थित गराउन समाह्वान जारी हुने भएमा त्यस्तो साक्षीलाई आउन र जान तथा बयान नहुन्जेलसम्म बस्न र खान लाग्ने मनासिब खर्च।

(२) दफा ६६ को उप-दफा (३) को प्रतिबन्धात्मक वाक्यांश (क) बमोजिम कुनै साक्षीको सम्बन्धमा बन्दसवाल पठाउँदा उप-दफा (१) मा उल्लिखित खर्चहरू समेत सम्बन्धित पक्षबाट दाखिल गराई सम्बन्धित अदालतमा पठाई दिनुपर्छ।

६८. कैद वा थुनामा परेको पक्ष वा साक्षीलाई उपस्थित गराउने : मुद्दाको कुनै पक्ष वा साक्षी कैद वा थुनामा परेको भए तोकिएको तारीखको दिन निजलाई अदालतमा उपस्थित गराउन अदालतले सम्बन्धित कारागारलाई आदेश दिनुपर्छ।

६९. प्रमाण बुझ्ने : (१) प्रमाण बुझ्न तोकिएको तारीखको दिन अदालतले प्रमाण ऐन, २०३१ बमोजिम पहिले उजूरवालाको र त्यसपछि अभियुक्तको प्रमाण बुझ्नुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै पक्षद्वारा प्रस्तुत गरिएको कुनै प्रमाण वा कुनै साक्षीले बकेको कुनै कुरा प्रमाणमा नलाग्ने वा लिन नहुने भनी अर्को पक्षले कानूनी आपत्ति मनासिब हो वा होइन भनी अदालतले तत्कालै निर्णय दिनुपर्छ।

तर कानूनको व्याख्यासम्बन्धी कुनै जटील कानूनी प्रश्नको निर्णय दिनुपर्ने भएमा अदालतले सो प्रश्न विचाराधीन राखी पछि कुनै बखत निर्णय दिए पनि हुन्छ। अदालतले कुनै प्रश्न सोबमोजिम विचाराधीन राखेमा सो प्रश्नको निर्णय नगरेसम्मका लागि सम्बन्धित प्रमाण वा साक्षी बुझ्ने काम पनि स्थगित गर्नुपर्छ।

(३) अदालतले कानून विपरित वा बेसरोकारको वा अनावश्यक विवाद खडा गर्ने प्रमाण पेश गर्न कुनै पक्षलाई अनुमति दिने छैन।

१००. समाहार : दुवै पक्षको प्रमाण प्रस्तुत भै सकेपछि उजूरवालाले चाहेमा अभियुक्त उपरको अभियोग र सम्बन्धित कानूनको उल्लेख गर्दै कुन प्रमाणबाट कुन तथ्यको समर्थन वा खण्डन भयो वा भएन भनी मुद्दाको समाहार गर्न र अभियुक्तले चाहेमा त्यसको जवाफ दिन सक्नेछ।

१०१. साक्षीको बयान र प्रमाणसम्बन्धी आपत्ति बाहेक अन्य कुरा लेखबद्ध गर्न नपर्ने : (१) कुनै प्रमाणको सम्बन्धमा कुनै पक्षले उठाएको आपत्ति र त्यस सम्बन्धमा अदालतले गरेको निर्णय लेखबद्ध गरियोस् भनी सो पक्षले अनुरोध गरेमा सो आपत्ति र निर्णय तथा अभियुक्त र साक्षीको बयान बाहेक यो परिच्छेदबमोजिमको अन्य कुनै कारवाईको विवरण लेखबद्ध गर्न पर्दैन।

(२) मृत्युदण्ड वा जन्मकैदको सजाय हुन सक्ने अपराध, अनुसूची २ मा उल्लिखित अपराध र तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची १ मा उल्लिखित अपराधसम्बन्धी मुद्दामा बाहेक अन्य मुद्दामा न्यायाधीशले साक्षीको बयान सबै लेखबद्ध नगरी त्यसको छोटकरी टिपोट गरी मिसिल सामेल राखे हुन्छ। त्यस्तो टिपोटमा न्यायाधीश-ले आफ्नो सहीछाप गरी सो साक्षीको समेत सहीछाप गराउनुपर्छ।

१०२. मगज बिग्रेको मानिसको पूर्पक्षको कार्यविधि : (१) कुनै अभियुक्त मानसिक अवस्थाको कारणले आफ्नो प्रतिरक्षा गर्न असमर्थ छ भन्ने अदालतलाई विश्वास पर्ने कुनै कारण भएमा योग्यता प्राप्त सरकारी चिकित्सकद्वारा अभियुक्तको जाँच गर्न लगाई सो सरकारी चिकित्सकलाई साक्षीको रूपमा बयान गराउनुपर्छ।

(२) उप-दफा (१) बमोजिम जाँच गराउँदा अभियुक्त मानसिक अस्वस्थताको कारणले आफ्नो प्रतिरक्षा गर्न असमर्थ देखिएमा पर्चा खडा गरी मुद्दा मुलतवी राख्नुपर्छ।

(३) यो संहिता वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि थुनामा रहेको अभियुक्तको हकमा उप-दफा (१) बमोजिमको कारवाई हुँदाको बखत वा सो कारवाई भै उप-दफा (२) बमोजिमको पर्चा खडा भएपछि अदालतले मनासिब सम्झेमा त्यस्तो अभियुक्तले आफूलाई वा अरू कसैलाई कुनै प्रकारको हानी पुऱ्याउन नपाउने गरी निजको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हेरचाह गर्ने र अदालतले आदेश दिएमा निजलाई अदालतमा उपस्थित गराउने शर्त गराई निजको संरक्षकबाट धरौट वा जमानत लिई निजलाई थुनाबाट छोड्न सक्नेछ।

(४) उप-दफा (३) बमोजिम छोडिएकोमा बाहेक पूर्पक्षका लागि थुनामा रहेको त्यस्तो अभियुक्तलाई राम्रो हेरविचार गरी राख्न सम्बन्धित कारागारलाई अदालतले आदेश दिनुपर्छ।

(५) यो दफाबमोजिम मुद्दा मुलतवी रहेकोमा अभियुक्त स्वस्थ भएपछि अदालतले मुलतवी जगाई अभियुक्तलाई अदालतमा उपस्थित गराई मुद्दाको पूर्पक्ष शुरू गर्नपर्छ।

तर यो उप-दफाबमोजिम मुलतबी जगाउनुभन्दा पहिले अदालतले अभियुक्तलाई पुनः योग्यता प्राप्त सरकारी चिकित्सकद्वारा जाँच्न लगाई सो चिकित्सकले अभियुक्त स्वस्थ भै सकेको छ भन्ने प्रमाणित गरेमा साक्षीको रूपमा निजको बयान समेत गराएको हुनुपर्छ।

(६) उप-दफा (५) बमोजिम अभियुक्तलाई अदालतमा उपस्थित गराउँदा अभियुक्त अझै आफ्नो प्रतिरक्षा गर्न असमर्थ छ भन्ने देखिएमा अदालतले फेरि उप-दफा (२) बमोजिम मुद्दा मुलतवी राखी उप-दफा (३) वा (४) बमोजिम गर्नुपर्छ।

(७) कुनै अभियुक्त मानसिक अस्वस्थताको कारणले आफ्नो प्रतिरक्षा गर्न असमर्थ छ भन्ने आधारमा यो दफाबमोजिम मुद्दा मुलतवी रहेकोमा अभियुक्त थुनामा भए अदालतले आफै र थुनामा नभए निजको संरक्षकले प्रत्येक तीन महीनामा सरकारी चिकित्सकद्वारा निजको जाँच गराउनुपर्छ र तत्सम्बन्धी प्रतिवेदन दाखिल गर्न लगाई मिसिल सामेल राख्नु पर्छ।

१०३. मुद्दाको पूर्पक्ष खुला इजलासमा गर्नुपर्ने : मुद्दाको पूर्पक्ष खुला इजलासमा गर्नुपर्छ।

तर जासूसी, जबरजस्ती करणी, हाडनाता करणी, व्यभीचार वा लोग्ने स्वास्नी सम्बन्धी मुद्दाको पूर्पक्ष बन्द इजलासमा गर्न उपयुक्त देखिएमा वा प्रचलित नेपाल कानून बमोजिम अन्य कुनै मुद्दाको पूर्पक्ष बन्द इजलासमा गर्नुपर्ने भएमा अदालतले इजलास बसेको ठाउँमा सो मुद्दासंग सम्बन्धित पक्ष, साक्षी, सरकारी अभियोक्ता, कानून व्यवसायी र कर्मचारीहरू बाहेक अरूको प्रवेश निषेध गर्न सक्नेछ।

१०४. अभियुक्तले आफ्नो प्रतिरक्षाको लागि कानून व्यवसायी नियुक्त गर्न सक्ने : (१) आफ्नो प्रतिरक्षाको लागि अभियुक्तले आफूले रोजेको कानून व्यवसायीलाई नियुक्त गर्न सक्नेछ।

(२) उप-दफा (१) बमोजिम कानून व्यवसायी नियुक्त गर्न अभियुक्त असमर्थ छ भन्ने विश्वास गर्न मनासिब आधार भएमा अदालतले सरकारी खर्चमा निजको तर्फबाट कानून व्यवसायी नियुक्त गरिदिन सक्नेछ।

(३) उप-दफा (२) बमोजिम कानून व्यवसायीको नियुक्ति, निजले पाउने पारिश्रमिक र मिसिल निरीक्षण गर्ने तथा सम्बन्धित लिखतको नक्कल प्राप्त गर्ने निजको अधिकार श्री ५ को सरकारसंग परामर्श गरी सर्वोच्च अदालतले बनाएको नियममा तोकिएबमोजिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
५८८

१०५. न्यायाधीशद्वारा स्थानीय निरीक्षण : मुद्दाको पूर्पक्षको सन्दर्भमा न्यायाधीशले, मुद्दाका पक्षहरूलाई पूर्व सूचना दिई, अपराध भएको ठाउँ वा प्रमाणको उचित मूल्याङ्कनको लागि आवश्यक देखिएको अन्य कुनै ठाउँको निरीक्षण गर्न सक्नेछ । सोबमोजिम कुनै ठाउँको निरीक्षण गरेकोमा सम्बद्ध तथ्यहरूको सम्बन्धमा आफूले देखेको कुराहरूको टिपोट गरी आफ्नो सहीछाप गरी मिसिल संलग्न राख्नुपर्छ ।

१०६. साक्षीको व्यवहार, मुखाकृति इत्यादिको टिपोट : बयान गर्दा साक्षीको व्यवहार र मुखाकृति कस्तो थियो, निजसंग सोधिएको प्रश्नहरुको जवाफ दिंदा निज उत्तेजित भएको, हडबडाएको डराएको थियो वा थिएन निजको जवाफ साँचो वा झुट्टो के कस्तो झल्कन्थ्यो इत्यादि सबै कुराहरूको सम्बन्धमा न्यायाधीशले आफूलाई लागेको कुराहरूको टिपोट बनाई आफ्नो सहीछाप गरी मिसिल संलग्न राख्न र साक्षीको बयानको मूल्याङ्कन गर्दा सो टिपोटको आधार लिन सक्नेछ ।

१०७. फैसला : (१) मुद्दाको पूर्पक्ष समाप्त भएपछि न्यायाधीशले पन्ध्र दिनभित्र अनुसूची २४ मा तोकिएको ढाँचामा देहायका कुराहरू उल्लेख गरी मुद्दाको फैसला गर्नुपर्छ :–

(क) प्रतिवेदन, पर्चा वा उजूरीको मुख्य व्यहोरा,

(ख) अभियुक्तले बयान वा प्रतिउत्तरपत्र दिएको भए सो बयान वा प्रतिउत्तरपत्रको मुख्य व्यहोरा,

(ग) अदालतले निर्णय दिनुपर्ने कुराहरू,

(घ) कारण सहित अदालतको निर्णय,

(ङ) मुद्दामा अभियुक्त वा अरू कसैलाई कुनै सजाय दिइएको भए सो सजाय र त्यसको कानूनी आधार, र

(च) न्यायाधीशले आवश्यक सम्झेको अन्य कुराहरू ।

(२) उप-दफा (१) बमोजिम फैसला गर्दा सो फैसलामा उपयुक्त ठाउँमा देहायका कुराहरूको समेत उल्लेख गर्नुपर्छ :–

(क) मुद्दामा कुनै कानून व्यवसायीले बहस गरेको भए सो बहसको मुख्य बूंदाहरू, र

(ख) मुद्दाका पक्षहरूले पेश गरेको प्रमाणहरू, ती प्रमाणहरूको विश्वासनियता वा खण्डनियता, त्यसको आधार, प्रमाणको पर्याप्तता वा अपर्याप्तता ।

(३) न्यायाधीशले फैसला नलेखी आफ्नो निर्णयसम्म सुनाएकोमा सो निर्णयको छोटकरी विवरण राय किताबमा लेखी आफ्नो सहीछाप गरी उपस्थित पक्ष वा विपक्षहरूलाई सुनाई राय किताबमा निजहरूको समेत सहीछाप गराई राख्नुपर्छ र सात दिनभित्र उप-दफा (१) र (२) बमोजिम फैसला लेखी मिसिल संलग्न राख्नुपर्छ ।

१०८. मुद्दाको पक्षको मृत्यु भएमा मुद्दा खारेज हुने : (१) कुनै मुद्दाको अभियुक्त वा उजूरवालाको मृत्यु भएमा मुद्दा खारेज गरिदिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर –

(क) एकभन्दा बढी अभियुक्त वा उजूरवाला भएकोमा कुनै एउटा अभियुक्त वा उजूरवालाको मृत्यु भए पनि मुद्दा खारेज गर्न हुँदैन ।

(ख) बिगो वा क्षतिपूर्तिको कुरा समावेश भएको मुद्दामा –

(१) अभियुक्तको मृत्यु भए पनि अदालतले मिसिल सामेल रहेको प्रमाण र बुझ्न आवश्यक देखिएको अन्य प्रमाणहरू बुझी बिगो वा क्षतिपूर्ति भराई दिनुपर्ने वा नपर्ने कुराको निर्णय गर्नेछ र त्यस सम्बन्धमा अभियुक्तको हकवालाले चाहेमा निजलाई मुद्दा सकार गराई कारवाई गर्न र नि[illegible] कुनै प्रमाण पेश गरेमा सो समेत बुझ्नुपर्छ ।

(२) उजूरवालाको मृत्यु भए पनि निजको हकवालाले मुद्दा सकार गर्न आएमा सकार गराई मिसिल सामेल रहेको प्रमाण र बुझ्न आवश्यक देखिएको अन्य प्रमाणहरू समेत बुझी बिगो वा क्षतिपूर्ति भराई दिनुपर्ने वा नपर्ने कुराको निर्णय गर्नुपर्छ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६२ बमोजिम मुद्दा खारेज हुने अवस्थामा उप-दफा (१) बमोजिम बिगो वा क्षतिपूर्तिसम्बन्धी निर्णय गरिने छैन ।

(३) पुनरावेदन, पुनरालोकन वा दोहरिएको मुद्दामा पुनरावेदन दिने वा पुनरालोकन गराउन वा मुद्दा दोहऱ्याउन निवेदन दिने पक्षको वा सो मुद्दामा पहिले कसूरदार ठहरिएको व्यक्तिको मृत्यु भएमा सो पुनरावेदन वा पुनरालोकन वा दोहऱ्याई हेरिएको मुद्दा तामेलीमा राखिदिनुपर्छ ।

तर –

(क) एकै पक्षको कुनै एउटा व्यक्तिको मृत्यु भए पनि अन्य व्यक्तिको हकमा मुद्दाको कारवाई नगरी तामेलीमा राख्नु हुँदैन ।

(ख) बिगो वा क्षतिपूर्ति समावेश भएको मुद्दामा हकवालाले चाहेमा सकार गर्न पाउनेछ ।

१०९. फैसलाका नक्कल : अनुसूची २ मा उल्लिखित अपराधसम्बन्धी मुद्दामा सम्बन्धित सरकारी अभियोक्ताको कार्यालयलाई र तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने अनुसूची १मा उल्लिखित अपराधसम्बन्धी जुनसुकै मुद्दाको थुना वा कैदमा परेको कसूरदारलाई अदालतले दफा ११० बमोजिमको सूचनाको साथै फैसलाको नक्कल बिना दस्तूर पठाई दिनुपर्छ ।

११०. सूचना दिने : (१) मुद्दाको फैसला हुँदा अनुपस्थित रहेको पक्षलाई अदालतले अनुसूची २५ मा तोकिएको ढाँचामा सूचना दिनुपर्छ ।

(२) उप-दफा (१) बमोजिमको सूचना समाह्वान सरह तामेल गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८८

## परिच्छेद–१३
## पुनरावेदन र साधक

१११. पुनरावेदन नलाग्ने : यो संहिता वा अन्य प्रचलित नेपाल कानूनमा पुनरावेदन लाग्ने भनी लेखिएकोमा बाहेक अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर पुनरावेदन लाग्ने छैन।

११२. पुनरावेदन दर्ता गर्ने स्थान : पुनरावेदन दिन चाहने व्यक्तिले पुनरावेदन सुन्ने अदालतमा वा मुद्दा छिन्ने अदालतमा पुनरावेदन दर्ता गराउन सक्नेछ।

तर कैद वा थुनामा रहेको व्यक्तिले आफू कैद वा थुनामा रहेको कारागारको कार्यालय-मा पुनरावेदन दर्ता गराउन सक्नेछ।

११३. पुनरावेदन दिंदा पुऱ्याउनु पर्ने रीत : (१) पुनरावेदन दिंदा अनुसूची २६ मा तोकिएको ढाँचामा दिनुपर्छ र त्यसमा पुनरावेदन र प्रत्यर्थीको पूरा नाम र ठेगाना, मुद्दाको संक्षिप्त विवरण, पुनरावेदन सुन्ने अदालतबाट निर्णय हुनुपर्ने कुराहरू, सम्बन्धित कानून तथा तल्लो अदालतको निर्णयमा चित्त नबुझेको कारण र आधार स्पष्ट रूपमा उल्लेख गरी पुनरावेदकले सहीछाप गर्नुपर्छ।

(२) पुनरावेदन दिंदा त्यसको साथमा देहायका लिखतहरू समेत संलग्न गरी पेश गर्नु पर्छ :–

(क) जुन फैसला उपर पुनरावेदन दिन खोजेको हो सो फैसलाको नक्कल, र

(ख) सो फैसलाबाट पुनरावेदकलाई कुनै सजाय भएको रहेछ भने निजले सो सजाय भोगेको वा बुझाएको वा सो बापत कैद परेको ,जमानत दिएको वा धरौट राखे-को निस्सा।

११४. पुनरावेदन दिंदा कैदमा बस्न वा धरौट वा जमानत दिन पर्ने : (१) देहायको कुनै व्यक्तिले कैदमा नबसी पुनरावेदन गर्न पाउने छैन :–

(क) मृत्युदण्ड, सर्वस्व सहित जन्मकैद वा जन्मकैदको सजाय पाएको व्यक्ति, वा

(ख) अनुसूची १ मा उल्लिखित अपराधको कसूरदार ठहरी तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको व्यक्ति, वा

(ग) कैदको सजाय पाएको नेपाल अधिराज्यभित्र स्थायी बसोबास नभएको व्यक्ति।

तर मुद्दाको प्रकृति र तथ्यहरू, पुनरावेदकको उमेर एवं शारीरिक वा मानसिक अवस्था र अपराध गर्दाको परिस्थिति विचार गर्दा यो उप-दफाको खण्ड (ख) वा (ग) मा उल्लिखित कुनै व्यक्तिलाई थुनामा राख्न उपयुक्त छैन भन्ने लागेमा पुनरावेदन सुन्ने न्यायाधीशले निजसंग धरौट वा जमानत लिई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुनरावेदन गर्ने अनुमति दिन सक्नेछ । सोबमोजिम अनुमति दिएकोमा कारण खोली पर्चा खडा गरी मिसिल संलग्न राख्नुपर्छ ।

(२) उप-दफा (१) मा लेखिएको कुनै कुराले–

(क) मुद्दाको तहकीकात वा कारवाईको सिलसिलामा थुनामा रही फैसलाबमोजिमको सजाय भुक्तान गरिसकेको व्यक्तिले पुनरावेदन गर्न कैदमा बस्नु पर्ने छैन ।

(ख) पुनरावेदन गरेको कारणले मात्र कुनै पनि व्यक्तिलाई फैसलाबमोजिम भएको सजायभन्दा बढी हुने गरी कैदमा राखिने छैन ।

(३) उप-दफा (१) र (२) मा अन्यथा लेखिएकोमा बाहेक कुनै पनि व्यक्तिले फैसला बमोजिम आफूलाई भएको सजाय बापत मुद्दा फैसला गर्ने वा पुनरावेदन सुन्ने अदालतमा धरौट वा जमानत दिई वा कैदमा बसी पुनरावेदन गर्न सक्नेछ ।

तर यो उप-दफाबमोजिम धरौट वा जमानत दिन नसकी पुनरावेदन गर्न कैदमा परेको व्यक्तिको पुनरावेदन दर्ता भएको मितिले छ महीनाभित्र मुद्दाको निर्णय नभएमा निजलाई सो अवधिपछि कैदमा राखिने छैन ।

(४) परिच्छेद ६ बमोजिम धरौट वा जमानत दिने व्यक्तिको हकमा सो धरौट वा जमानतबाट पुगेसम्म सोही धरौट वा जमानतलाई उप-दफा (१) को प्रतिवन्धात्मक-वाक्यांश र उप-दफा (३) को तात्पर्यको लागि धरौट वा जमानत कायम गर्न हुन्छ ।

तर पुनरावेदन गर्न चाहने व्यक्ति बाहेक अरू कसैको सम्पत्ति जमानत रहेकोमा सो व्यक्तिको मञ्जूरी नभै त्यस्तो सम्पत्तिलाई यो उप-दफाको प्रयोजनको लागि जमानत कायम गर्न हुँदैन ।

११५. पुनरावेदन सुन्ने अदालत बाहेक अन्यत्र पुनरावेदन दर्ता भएकोमा तत्सम्बन्धी कारवाई : पुनरावेदनसुन्ने अदालतबाहेक अन्य कुनै अदालतमा वा कारागारको कार्यालयमा यो संहिता बमोजिम पुनरावेदन दर्ता भएकोमा सो अदालत वा कार्यालयले पुनरावेदकले आफूलाई भएको सजाय भोगेको वा बुझाएको वा सो बापत धरौट वा जमानत दिएको भए सो व्यहोरा खोली पुनरावेदन सुन्ने अदालतमा यथासम्भव चाँडो पुनरावेदन पठाई पुनरावेदकलाई सो कुराको सूचना दिनुपर्छ ।

(२) यो संहिताबमोजिम मुद्दा छिन्ने अदालतमा पुनरावेदन दर्ता भएकोमा सो अदालतले उप-दफा (१) बमोजिम पुनरावेदन पठाउँदा सम्बन्धित मिसिल समेत साथै पठाउनुपर्छ ।

११६. मिसिल झिकाउने : (१) दफा ११५ को उप-दफा (२) बमोजिम मिसिल प्राप्त भएकोमा बाहेक पुनरावेदन दर्ता भएपछि पुनरावेदन सुन्ने अदालतले यथासम्भव चाँडो सम्बन्धित अदालतलाई सो मुद्दाको मिसिल पठाउन आदेश दिनुपर्छ ।

(२) उप-दफा (१) बमोजिम आदेश प्राप्त भएको मितिले सात दिनभित्र सम्बन्धित अदालतले मिसिल पुनरावेदन सुन्ने अदालतमा पठाइ दिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११७. पुनरावेदन सुन्ने तारीख तोकी पुनरावेदकलाई सूचना दिने : दफा ११५ उप-दफा (२) वा दफा ११६ बमोजिम मिसिल प्राप्त भएपछि पुनरावेदन सुन्ने अदालतले पुनरावेदकको प्रारम्भिक सुनवाई गर्ने तारीख तोकी त्यसको सूचना पुनरावेदकलाई दिनुपर्छ ।

११८. पुनरावेदनको सुनवाई गर्ने : (१) दफा ११७ बमोजिम तोकिएको तारीखको दिन पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको सुनवाई गर्नुपर्छ ।

(२) उप-दफा (१) बमोजिम पुनरावेदनको सुनवाई गर्दा तल्लो अदालतले गरेको निर्णय मनासिब देखिएमा पुनरावेदन सुन्ने अदालतले पुनरावेदन अस्वीकृत गर्न सक्नेछ ।

(३) उप-दफा (२) बमोजिम पुनरावेदन अस्वीकृत भएकोमा बाहेक पुनरावेदन सुन्ने अदालतले तारीख तोकी सो तारीखको दिन अदालतमा उपस्थित भै पुनरावेदन जिकीरको खण्डन गर्न प्रत्यर्थीलाई सूचना दिनुपर्छ र सो तारीखको दिन प्रत्यर्थी उपस्थित भै पुनरावेदन जिकीरको खण्डन गरेमा त्यसको समेत विचार गरी पुनरावेदनको निर्णय गर्नुपर्छ ।

११९. प्रत्यर्थी अनुपस्थित भएमा पुनरावेदनको एकतर्फी सुनवाई गर्ने : दफा ११८ को उप-दफा (३) बमोजिम प्राप्त सूचनामा तोकिएको तारीखको दिन प्रत्यर्थी उपस्थित भएन भने पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको निर्णयको लागि कम्तीमा पन्ध्र दिनपछिको अर्को तारीख तोकी सो तारीखको दिन पुनरावेदनको एकतर्फी सुनवाई गरी निर्णय गर्न सक्नेछ ।

तर दफा ११८ को उप-दफा (३) बमोजिम तोकिएको तारीखको दिन उपस्थित हुन नसकेको कुनै मनासिब कारण देखाई प्रत्यर्थीले निवेदनपत्र दिएमा अदालतले पुनरावेदनको निर्णयको लागि यो दफाबमोजिम तोकिएको तारीखको दिन निजले पुनरावेदनको खण्डन गर्न प्रस्तुत गरेको जिकीरहरूको समेत विचार गरी पुनरावेदनको निर्णय गर्नुपर्छ ।

१२०. पुनरावेदकको उपस्थिति आवश्यक नहुने : पुनरावेदनको सुनवाईको लागि पुनरावेदकको उपस्थिति आवश्यक हुने छैन ।

तर –

(क) पुनरावेदकले चाहेमा पुनरावेदनको सुनवाईको लागि तोकिएको तारीखको दिन पुनरावेदन सुन्ने अदालतमा उपस्थित भै पुनरावेदन जिकीर अदालतको समक्ष स्पष्ट गर्न सक्नेछ ।

(ख) पुनरावेदन सुन्ने अदालतले मनासिब सम्झेमा पुनरावेदनको सुनवाईको दिन अदालतमा उपस्थित हुनु भनी पुनरावेदकलाई आदेश दिन सक्नेछ ।

(ग) कैद वा थुनामा परेको पुनरावेदकलाई पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको सुनवाई हुँदा झिकाई बुझ्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२१. पुनरावेदक वा प्रत्यर्थीलाई दिइने सूचना वा आदेश समाह्वान सरह तामेल गर्ने : दफा ११७, ११८ वा १२० बमोजिम पुनरावेदक वा प्रत्यर्थीलाई दिइने सूचना वा आदेश समाह्वान सरह तामेल गरिनेछ ।

१२२. पुनरावेदन सुन्ने अदालतको अधिकार : (१) पुनरावेदन सुन्ने अदालतको अधिकार देहायबमोजिम हुनेछ :–

(क) तल्लो अदालतको फैसला सदर गर्ने ।

(ख) तल्लो अदालतले अभियुक्तलाई तोकेको सजाय कायम राखी निर्णयको आधारमा परिवर्तन गर्ने ।

(ग) निर्णयको आधारमा परिवर्तन गरी वा नगरी तल्लो अदालतले अभियुक्तलाई तोकेको सजायको मात्रा घटाउने वा बढाउने वा सजायको प्रकृतिमा परिवर्तन गर्ने ।

(घ) तल्लो अदालतको फैसला बदर गरी अभियुक्तलाई सफाई दिने वा कानूनबमोजिम सजाय गर्ने वा पूर्पक्षको लागि मुद्दा फेरि तल्लो अदालतमा पठाउने ।

(ङ) आफैले कुनै प्रमाण बुझ्ने वा प्रमाण बुझ्न मिसिल तल्लो अदालतमा पठाउने ।

(च) तल्लो अदालतको फैसलामा आनुषङ्गिक वा प्रासङ्गिक संशोधन गर्ने ।

(२) तल्लो अदालतले गरेको फैसला उपर कुनै खास अभियुक्तको वा उजूरवालाको मात्र पुनरावेदन परेको रहेछ र तत्सम्बन्धी निर्णयबाट पुनरावेदन नगर्ने वा सजायको हदबाट पुनरावेदन गर्न नपाउने अभियुक्तको सम्बन्धमा तल्लो अदालतको फैसला असंगत हुन जाने रहेछ भने त्यस्तो अभियुक्तको हकमा पनि पुनरावेदन सुन्ने अदालतले उप-दफा (१) मा उल्लिखित अधिकारको प्रयोग गरी कानूनबमोजिम फैसला गर्न सक्नेछ ।

(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन सुन्ने अदालतले दफा ११८ को उप-दफा (३) बमोजिमको सूचना नदिई कुनै पक्षलाई कुनै प्रतिकूल असर पर्ने गरी तल्लो अदालतको फैसला बदर गर्न वा त्यसमा कुनै परिवर्तन गर्न हुँदैन ।

१२३. साधक : (१) सर्वोच्च अदालत बाहेक अन्य कुनै अदालतले कुनै व्यक्तिलाई मृत्युदण्ड वा जन्मकैदको सजाय गर्ने फैसला गरेको पन्ध्र दिनभित्र मिसिल सहित पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नुपर्छ ।

(२) उप–दफा (१) बमोजिम सर्वोच्च अदालत बाहेक अन्य कुनै अदालतमा साधक जाहेर भएकोमा सो अदालतले पनि अभियुक्तलाई मृत्युदण्ड वा जन्मकैद गर्ने ठह-याई फैसला गरेमा सर्वोच्च अदालतमा साधक जाहेर गर्नुपर्छ ।

१२४. साधक फैसला उपर पुनरावेदन लाग्ने : दफा १२३ बमोजिम साधक जाहेर भएको मुद्दामा साधक जाहेर गर्ने अदालतको फैसलामा चित्त नबुझ्ने पक्षले सो फैसला उपर पुनरावेदन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२५. पुनरावेदन लाग्ने म्यादसम्म साधक फैसला गर्न नहुने : दफा १२३ बमोजिम साधक जाहेर भएको मुद्दामा पुनरावेदन लाग्ने म्यादसम्म साधकको फैसला गर्न हुँदैन, त्यस्तो मुद्दामा म्यादभित्र पुनरावेदन परेमा साधकको लगत काटी पुनरावेदनको तहबाट मुद्दा हेर्नुपर्छ ।

१२६. साधक जाहेर गर्दाको कार्यविधि : (१) दफा १२३ बमोजिम कुनै अदालतले कुनै मुद्दामा साधक जाहेर गर्दा सो मुद्दाको मिसिल समेत साथै पठाउनुपर्छ र सो मुद्दामा अभियुक्त थुनामा रहेको भए निजको नाम, थुनामा रहेको मिति तथा कारागारको नाम र अभियुक्त फरार रहेको वा थुनाबाट भागेको भए सो समेत खुलाई जाहेर गर्नुपर्छ ।

(२) दफा १२३ बमोजिम साधक जाहेर गरिएको मुद्दामा साधक फैसला नभएसम्म कसूरदारलाई कैदमा राख्नुपर्छ ।

१२७. साधक हेर्ने अदालतको अधिकार : साधक हेर्ने अदालतले पुनरावेदन सुन्ने अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।

१२८. पुनरावेदन र साधक फैसला : पुनरावेदन फैसला अनुसूची २७ बमोजिमको ढाँचामा र साधक फैसला अनुसूची २८ बमोजिमको ढाँचामा गर्नुपर्छ ।

## परिच्छेद–१४
## फैसलाको कार्यान्वयन

१२९. फैसलाको कार्यान्वयन : यो परिच्छेदका अन्य दफाहरूमा अन्यथा लेखिएको मा बाहेक अदालतले कुनै मुद्दा फैसला गरेपछि सो फैसला तुरुन्त कार्यान्वित गर्नुपर्छ ।

१३०. फैसलाको कार्यान्वयन स्थगित हुने : (१) दफा ११४ को उप-दफा (३) बमोजिम धरौट वा जमानत दिई पुनरावेदन गर्न पाउने व्यक्तिले वा सोही दफाको उप-दफा (१) को प्रतिवन्धात्मक वाक्यांशबमोजिम धरौट वा जमानत राख्न अनुमति पाउने व्यक्तिले धरौट वा जमानत दिएमा पुनरावेदन लाग्ने अवधिसम्म र सो अवधिभित्र पुनरावेदन परेमा पुनरावेदनको किनारा नभएसम्म फैसलाको कार्यान्वयन स्थगित गरिनेछ ।

(२) कुनै व्यक्तिलाई मृत्युदण्ड दिने गरी कुनै अदालतबाट फैसला भएकोमा कानून बमोजिम साधक वा पुनरावेदनको तहबाट त्यसको अन्तिम निर्णय नभएसम्म मृत्युदण्ड कार्यान्वित गरिने छैन ।

(३) देहायको अवस्थामा देहायमा लेखिएको अवधिसम्म मृत्युदण्डको कार्यान्वयन स्थगित गर्नुपर्छ :–

(क) मृत्युदण्ड पाउने व्यक्ति सिकिस्त बिरामी भए निज हिंडडुल गर्न सक्ने नभएसम्म,

(ख) मृत्युदण्ड पाउने महिला गर्भवती वा सुत्केरी भए निज सुत्केरी भएको मितिले एक बर्ष नपुगेसम्म,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मृत्युदण्ड पाउने व्यक्तिले सर्वोच्च अदालतको अन्तिम निर्णय उपर पुनरालोकनका लागि निवेदनपत्र दिएको भए त्यसको निर्णय नभएसम्म,

(घ) मृत्युदण्ड पाउने व्यक्तिले श्री ५ महाराजाधिराजका जुनाफमा नेपालको संविधानको धारा ८४ बमोजिम माफी वा सजाय परिवर्तन वा मुलतवीका लागि निवेदनपत्र चढाएको भए त्यसको निकासा नभएसम्म,

(ङ) मृत्युदण्ड पाउने व्यक्तिले सर्वोच्च अदालतको अन्तिम निर्णय दोहऱ्याउनको लागि नेपालको संविधानको धारा ७२ बमोजिम न्यायिक समितिमार्फत निवेदनपत्र चढाएको भए त्यसको निकासा नभएसम्म, र

(च) खण्ड (ग) वा (ङ) बमोजिमका निवेदनपत्र दिने म्याद भुक्तान नभएसम्म ।

(४) उप-दफा (३) को खण्ड (घ) बमोजिम दिएको निवेदनपत्रमा एक पटक निकासा भइसकेपछि मृत्युदण्ड पाउने व्यक्तिले फेरि त्यस्तो निवेदनपत्र दिएको रहेछ भने सो कारणले मात्र फैसलाको कार्यान्वयन स्थगित गरिने छैन ।

(५) यो दफाबमोजिम सजायको कार्यान्वयन स्थगित हुनुपर्ने अवस्था देखाई सम्बन्धित व्यक्तिले निवेदनपत्र दिएमा वा मुद्दाको कारवाईको सिलसिलामा अदालतलाई सो कुरा थाहा भएमा दफा १३१ बमोजिम आदेश भैसकेको रहेछ भने पनि अदालतले सजायको कार्यान्वयन स्थगित गरिदिनुपर्छ ।

**१३१. कारागार र प्रहरी कार्यालयलाई आदेश पठाउने र सम्पत्ति रोक्का गर्ने:** (१) कुनै व्यक्तिलाई कुनै फैसलाले सजाय हुने भएकोमा सोबमोजिम गर्नुपर्ने सजायको व्यहोरा उल्लेख गरी त्यसको कार्यान्वयनका लागि अदालतले सम्बन्धित कारागारको अधिकृतको नाउँमा आदेश पठाउनुपर्छ ।

तर–

(क) थुनामा वा कैदमा बसी सजाय भुक्तान गरिसकेको व्यक्तिको हकमा सोबमोजिम नगरी दफा १५० बमोजिमको आदेश वा सूचना पठाउनुपर्छ ।

(ख) दफा १३० बमोजिम सजायको कार्यान्वयन स्थगित गर्नुपर्ने हुन आएमा अदालतले यो उप-दफाबमोजिम आदेश पठाउने छैन ।

(ग) जरीवानाको सजाय भएको व्यक्तिले सो जरीवानाको रकम तत्काल अदालतमा बुझाएमा वा दफा १३८ बमोजिम जमानत दिएमा त्यस सम्बन्धमा अदालतले यो उप-दफाबमोजिम आदेश दिने छैन ।

(२) उप-दफा (१) बमोजिम आदेश पठाउँदा सजाय पाउने व्यक्ति अदालतमा उपस्थित रहेको भए निजलाई समेत अदालतले कारागारमा चलान गरी पठाउनुपर्छ । सो व्यक्ति अदालतमा उपस्थित भएको रहेनछ र थुना वा कैदमा पनि रहेनछ भने निजलाई पक्राउ गरी कारागारमा बुझाउन प्रहरी कार्यालयलाई अनुसूची २९ मा तोकिएबमोजिमको आदेश

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पठाउनुपर्छ र दफा ४१ को उप-दफा (७) बमोजिम पहिले देखिनै सम्पत्ति रोक्का रहेकोमा बाहेक निजको हकको सम्पत्ति पनि रोक्का गर्नुपर्छ ।

तर –

(क) जरीवानाको मात्र सजाय भएको कसूरदारको हकमा सो जरीवाना र फैसला बमोजिम निजले तिर्नुपर्ने बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम असूल गर्न आवश्यक हुनेभन्दा बढी सम्पत्ति रोक्का गरिने छैन।

ख) कसूरद)ारले फैसलाबमोजिम बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम तिर्नुपर्ने रहेछ भने रोक्का रहेको सम्पत्तिबाट यो परिच्छेदबमोजिम सो रकम भराई दिई बाँकी रहेको सम्पत्ति मात्र सजाय बापत रोक्का गर्नुपर्छ।

(३) उप-दफा (२) बमोजिम कसूरदारलाई पक्राउ गर्ने आदेश भएको मितिले छ महीनासम्ममा पनि कसूरदार पक्राउ भएन भने सजाय बापत सो उप-दफाबमोजिम रोक्का रहेको सम्पत्ति लिलाम बिक्री गरी आएको रूपैयाँ सञ्चित कोषमा दाखिल गर्नुपर्छ र दफा १३२ बमोजिम लगत कट्टा हुनुभन्दा पहिले निज पक्राउ भएमा देहायको खर्चहरू कटाई रोक्का रहेको सम्पत्ति लिलाम बिक्री भै नसकेकोमा सो सम्पत्ति नै र लिलाम बिक्री भै सकेकोमा लिलाम बिक्रीबाट प्राप्त भएको रूपैयाँ निजलाई फिर्ता दिई सजाय कार्यान्वित गर्नुपर्छ :–

(क) रोक्का भएको सम्पत्ति लिलाम बिक्री भै नसकेको भए सो रोक्का राख्दा भएको खर्चहरू, र

(ख) लिलाम बिक्री भै सकेको भए रोक्का राख्दा र लिलाम बिक्री गर्दा भएको खर्चहरू ।

१३२. सजायको लगत काट्ने : (१) यो परिच्छेदका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएका भए तापनि :–

(क) मृत्युदण्ड वा जन्मकैदको सजाय पाउने व्यक्ति पचास वर्षसम्म फरार रही पक्राउ नभएमा रोक्का रहेको निजको सम्पत्ति जफत गरी सजायको लगत काटिदिनुपर्छ।

(ख) सरकारी बिगो वा त्यस्तो अन्य कुनै रकम बापत दफा १४० को उप-दफा (३) बमोजिम बढीमा दुई वर्षसम्म कैद हुने भएको व्यक्ति दश वर्षसम्म र दुई वर्षभन्दा बढी कैद हुने भएको व्यक्ति पच्चीस वर्षसम्म फरार रही पक्राउ नभएमा लगत काटिदिनुपर्छ।

(ग) जरीवाना बापत दफा १३८ को उप–दफा (२) बमोजिम कैद हुने भएको व्यक्ति सात वर्षसम्म फरार रही पक्राउ नभएमा रोक्का भएको निजको सम्पत्ति-बाट उपर भएसम्म सो जरीवानाको रकम असूल गरी सजायको लगत काटिदिनु-पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) फैसलाबमोजिम बढीमा तीन वर्षसम्म कैद हुने भएको व्यक्ति पन्ध्र वर्षसम्म, तीन वर्षदेखि बढी बाह्र वर्षसम्म कैद हुने भएको व्यक्ति तीस वर्षसम्म र बाह्र वर्षभन्दा बढी कैद हुने भएको व्यक्ति पैंतालीस वर्षसम्म फरार रही पक्राउ नभएमा रोक्का भएको निजको सम्पत्ति जफत गरी सजायको लगत काटिदिनुपर्छ।

(२) उप–दफा (१) को प्रयोजनका लागि समयको गणना गर्दा फैसला कार्यान्वित गर्न हुने मितिले गणना गर्नुपर्छ।

१३३. मृत्युदण्डको कार्यान्वयन : (१) मृत्युदण्ड कार्यान्वित गर्दा सम्बन्धित कारागारको अधिकृत, सम्बन्धित प्रहरी कार्यालयको कुनै राजपत्राङ्कित अधिकृत र प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको कुनै राजपत्राङ्कित अधिकृतको रोहवरमा मृत्युदण्डको सजाय पाउने व्यक्तिको सनाखत गरी निजलाई झुण्डाई, गोली हानी वा विद्युत्शक्ति प्रयोग गरी वा अन्य कुनै प्रभावकारी साधनद्वारा कार्यान्वित गर्नुपर्छ।

(२) मृत्युदण्ड कार्यान्वित भएपछि कारागारको अधिकृतले तत्सम्बन्धी सबै विवरण उल्लेख गरी मुचुल्का तयार गरी सम्बन्धित अदालतमा पठाई दिनुपर्छ।

(३) मृत्युदण्ड कार्यान्वित भएपछि लाश हकवालालाई दिनुपर्छ।

तर हकवालाले लाश नलगेमा वा कुनै हकवाला नै नभएमा सम्बन्धित कारागारका तर्फबाट लाशको सद्गत गराउनुपर्छ।

१३४. धार्मिक पर्व इत्यादिमा मृत्युदण्ड कार्यान्वित गर्न नहुने : राम नवमी, एकादशी, कृष्णाष्टमी, बुद्ध जयन्ती, शिवरात्री वा श्री ५ महाराजाधिराजको शुभजन्मोत्सव परेको दिन मृत्युदण्ड कार्यान्वित गर्न हुँदैन।

१३५. मृत्युदण्ड कार्यान्वित गर्ने स्थान : मृत्युदण्ड कार्यान्वित गर्न श्री ५ को सरकारद्वारा कुनै खास स्थान तोकिएकोमा सोही स्थानमा र नतोकिएकोमा कसैको सन्धीसर्पन नपर्ने एकान्त स्थानमा कार्यान्वित गर्नुपर्छ।

१३६. मृत्युदण्ड र अरू सजाय भएकोमा मृत्युदण्डको सजाय कार्यान्वित गर्ने : कुनै व्यक्तिलाई एउटै वा विभिन्न मुद्दामा मृत्युदण्ड र अरू सजाय भएकोमा मृत्युदण्डको सजाय बाहेक अरू सजाय कार्यान्वित गर्नु पर्दैन।

१३७. विभिन्न अपराध बापत भएको कैदको सजायको कार्यान्वयन : (१) कुनै अपराधमा कैद परेको व्यक्तिलाई सो कैदमा पर्नुभन्दा पहिले गरेको कुनै अर्को अपराधको सम्बन्धमा फेरि कैदको सजाय भएमा –

(क) पहिले भएको कैदको सजायको अवधि पछिल्लो कैदको सजायको अवधिभन्दा बढी वा बराबर भएमा पछिल्लो कैदको सजाय कार्यान्वित गर्नु पर्दैन,

आधिकारिकता मुद्रण विभागद्वारा प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पछि भएको कैदको सजायको अवधि पहिलेको कैदको सजायको अवधि भन्दा बढी भएमा पछिल्लो कैदको सायको अवधि जति बढीज हुन्छ, त्यति अवधिसम्मको लागि मात्र त्यस्तो व्यक्तिलाई थप कैद गर्नुपर्छ।

(२) कुनै अपराधमा कैदको सजाय पाएको व्यक्तिले सो सजाय भुक्तान नहुंदै अर्को अपराध गरे बापत निजलाई फेरि अर्को कैदको सजाय भएमा पहिले भएको कैदको अवधि भुक्तान भएपछि पछिल्लो कैदको सजाय कार्यान्वित गर्नुपर्छ।

(३) एउटै मुद्दामा एउटै व्यक्तिलाई विभिन्न अपराधको अभियोगमा विभिन्न कैदको सजाय भएकोमा सोमध्ये सबैभन्दा बढी एउटै कैदको सजाय मात्र कार्यान्वित गर्नुपर्छ। कैदको सजाय बराबर भएमा सोमध्ये कुनै एउटा सजाय कार्यान्वित गरे हुन्छ।

१३८. जरीवानाको सजायको कार्यान्वयन : (१) जरीवानाको सजाय पाएको व्यक्तिले जरीवानाको रकम तत्काल नबुझाई सो बापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक वर्षभित्र सो रकम चुक्ता हुने गरी बढीमा तीन किस्तामा बुझाउने आदेश दिन सक्नेछ।

तर –

(क) परिच्छेद ६ वा दफा ११४ बमोजिम धरौट राख्ने व्यक्तिको हकमा जरीवानाको रकम सो धरौटबाट असूल गरी नपुग भए जतिको सम्बन्धमा मात्र यो उप–दफाबमोजिम किस्ताबन्दीको व्यवस्था गर्न हुन्छ।

(ख) परिच्छेद ६ वा दफा ११४ बमोजिम जमानत दिने व्यक्तिको हकमा सो जमानतबाट पुगेसम्म सोही जमानतलाई यो उप-दफाको तात्पर्यको लागि जमानत कायम गर्न हुन्छ।

तर कसूरदार बाहेक अरू कसैको सम्पत्ति जमानत रहेकोमा सो व्यक्तिको मञ्जूरी नभै त्यस्तो सम्पत्तिलाई यो खण्डको प्रयोजनको लागि जमानत कायम गर्न हुँदैन।

(२) उप–दफा (१) बमोजिम किस्ताबन्दीको व्यवस्था भएकोमा बाहेक कसूरदारले जरीवानाको रकम तत्काल नबुझाएमा वा केही बुझाई बाँकी राखेमा निजलाई जरीवानाको बाँकीमा कैद गर्नुपर्छ।

तर –

(क) यो उप–दफाबमोजिम जरीवाना नतिरे बापतको कैद गर्दा अपराध संहिताको दफा ३५ मा तोकिएको हदभन्दा बढी गर्न हुँदैन।

(ख) यो उप–दफाबमोजिम कैद परेको व्यक्तिले आफू कैद परेको अवधिको दफा १६४ बमोजिम हुने रूपैयाँ कटाई जरीवानाको बाँकी रकम बुझाएमा निजलाई कैदबाट छोडिदिनुपर्छ।

(ग) परिच्छेद ६ मा दफा ११४ बमोजिम धरौट दिने व्यक्तिका हकमा सो धरौटबाट पुगेसम्म त्यसैबाट जरीवाना असूल गर्नुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३९. मुद्दाको कारवाईका लागि थुनामा बसेको अवधि सजायमा मिन्हा पाउने : फैसलाबमोजिम कैद वा जरीवानाको सजाय पाएको कसूरदार मुद्दाको कारवाईको लागि थुनामा परेको भए त्यसरी थुनामा परेको अवधि फैसलाबमोजिम भएको कैद वा जरीवानामा कटाई बाँकी सजाय मात्र कार्यान्वित गर्नुपर्छ ।

स्पष्टीकरण : यस दफाको तात्पर्यको लागि मुद्दाको कारवाईका लागि थुनामा परेको अवधि भन्नाले तहकीकातको सिलसिलामा पक्राउ भई प्रहरी हिरासतमा रहेको अवधिलाई समेत जनाउँछ ।

१४०. सरकारी बिगोसम्बन्धी व्यवस्था : (१) बिगो भराउने गरी फैसला भएकोमा सरकारी बिगोलाई निजी बिगोभन्दा प्राथमिकता दिई भराइदिनुपर्छ ।

तर सरकारी बिगो भराई दिने गरी फैसला हुनुभन्दा पहिले निजी बिगो भराई दिने गरी कुनै फैसला भएको रहेछ भने यो उप–दफाबमोजिम सरकारी बिगोलाई प्राथमिकता दिइने छैन ।

(२) फैसलाबमोजिम सरकारी बिगो भर्नुपर्ने व्यक्तिले फैसला कार्यान्वित हुने मितिले साठी दिनभित्र सो बिगोको रकम नबुझाएमा यो संहिताबमोजिम रोक्का भएको निजको हकको सम्पत्ति लिलाम बिक्री गरी भराई दिनुपर्छ । यो संहिताबमोजिम निजको हकको सम्पत्ति पहिले रोक्का भएको रहेनछ भने रोक्का गरी सोबमोजिम गर्नुपर्छ ।

(३) उप-दफा (१) बमोजिम सम्पत्ति लिलाम बिक्री गर्दा असूल नभएको सरकारी बिगो बापत सो व्यक्तिलाई दफा १४२ को उप–दफा (१) बमोजिम कैद गर्नुपर्छ ।

१४१. फैसलाबमोजिमको रकम धरौटबाट असुल गर्ने : यो संहिताको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले फैसलाबमोजिम बुझाउनु पर्ने बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम निजले यो संहिताबमोजिम राखेको धरौटबाट पुगेसम्म त्यसैबाट असूल गर्नुपर्छ, त्यसबाट नपुग भएमा नपुग भएजतिको लागि निजको हकको सम्पत्ति लिलाम बिक्री गरी असूल गर्नुपर्छ ।

१४२. सरकारी बिगो नबुझाए बापत कैद गर्न सकिने हद : (१) कसूरदारको सम्पत्ति लिलाम बिक्री गर्दा उपर नभएको सरकारी बिगो वा अन्य कुनै सरकारी रकम बापत निजलाई कैद गर्नु पर्दा देहायको हिसाबले कैद गर्नुपर्छ :–

(क) पाँच हजार रूपैयाँसम्मकोमा एक वर्ष,

(ख) त्यसपछिको दश हजार रूपैयाँसम्मको थप एक वर्ष,

(ग) त्यसपछिको प्रत्येक पच्चीस हजार रूपैयाँसम्मकोमा थप एक वर्ष ।

(२) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि –

(क) दफा १६४ बमोजिम रूपैयाँलाई कैदमा परिणत गर्दा हुने कैदको अवधिभन्दा बढी कैद गरिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सरकारी बिगो बापत कुनै व्यक्तिलाई पाँच वर्षभन्दा बढी कैद गरिने छैन।

१४३. निजी बिगो भराउने कार्यविधि : (१) फैसलाबमोजिम बिगो वा अन्य कुनै रकम भरी पाउने व्यक्तिले अन्तिम फैसला भएको तीन वर्षभित्र निवेदनपत्र दिएमा सो बिगो वा रकम भर्नपर्ने व्यक्तिको हकको सम्पत्ति लिलाम बिक्री गरी भराई दिनुपर्छ।

(२) उप-दफा (१) बमोजिम सम्पत्ति लिलाम बिक्री गर्दा असूल नभए जति बाँकीमा बिगो वा अन्य रकम भरी पाउने व्यक्तिले सात दिनभित्र कैद गराउन निवेदनपत्र दिएमा दफा १६४ बमोजिम सो बाँकी बिगो वा रकमलाई कैदमा परिणत गरी सो बिगो वा रकम भर्नुपर्ने व्यक्तिलाई कैद गरिदिनुपर्छ।

तर –

(क) त्यस्तो कैद गराउने व्यक्तिले सरकारी दरले कैदीलाई सिधा खर्च भर्नुपर्छ;

(ख) यस उप-दफाबमोजिम कुनै व्यक्तिलाई एक वर्षभन्दा बढी कैद गरिने छैन।

१४४. एक पटक सम्पत्ति रोक्का भई लिलाम बिक्री भएपछि फेरि रोक्का वा लिलाम बिक्री गर्न नहुने : कुनै सजाय वा बिगो बापत एक पटक सम्पत्ति रोक्का भै लिलाम बिक्री भइसकेपछि सजाय वा बिगोका सम्बन्धमा फेरि सम्पत्ति रोक्का वा लिलाम बिक्री गर्न हुँदैन।

तर सम्पत्ति रोक्का हुँदा लुकाई छुपाई राखेको सम्पत्तिको हकमा यो दफा लागू हुने छैन।

१४५. सजाय पाएको वा बिगो भराउनु पर्ने ठहरिएको व्यक्तिको मृत्यु भएमा त्यसको परिणाम : (१) सजाय पाएको व्यक्तिको मृत्यु भएमा मृत्यु हुँदाको समयसम्म कार्यान्वित हुन बांकी सजाय माफ हुन्छ।

(२) सरकारी वा निजी बिगो वा अन्य कुनै रकम भर्नुपर्ने व्यक्तिको मृत्यु त्यस्तो बिगो वा रकम भराउनु अगावै भए पनि निजको हकको सम्पत्तिबाट उपर भएसम्म यो संहिता बमोजिम उपर गरी भराई दिनुपर्छ।

१४६. सम्पत्ति रोक्का राख्दाको कार्यप्रणाली : (१) यो संहिताबमोजिम कुनै व्यक्तिको सम्पत्ति रोक्का राख्दा देहायबमोजिमको सम्पत्ति वा रकमहरू छुटयाई बाँकी मात्र रोक्का राख्नुपर्छ :–

(क) सो सम्पत्तिमा अंश लाग्ने अंशियारहरूको अंश सो सम्पत्तिबाट विवाह गर्नुपर्ने व्यक्तिहरूको कानूनबमोजिमको विवाह खर्च,

(ख) रोक्का राख्नुभन्दा पहिले रजिष्ट्रेशन पारित भएको ऋणको लिखतबमोजिम थैली, र

(ग) रोक्का राख्नुभन्दा पहिले कुनै अदालतको फैसलाबाट त्यस्तो व्यक्तिले तिर्नुपर्ने ठहरेको बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सम्पत्ति रोक्का राख्दा सो सम्पत्ति कब्जा वा दखल गरी देहायबमोजिम गर्नुपर्छ :–

(क) दर्ता वा लाइसेन्स भएको सम्पत्ति भए दर्ता नामसारी गर्ने वा लाइसेन्स दिने वा नवीकरण गर्ने कार्यालयलाई रोक्काको जनाउ दिने,

(ख) बाली वा बहाल आउने सम्पत्ति भए बाली वा बहाल असूल गर्ने व्यक्ति नियुक्त गर्ने,

(ग) चाँडै नासिने वा बिग्रने सम्पत्ति वा चौपाया भए लिलाम विक्री गर्ने ।

(३) यो संहिताबमोजिम कुनै व्यक्तिको सम्पत्ति रोक्का राख्दा निजले अरूलाई दिएको ऋण समेत रोक्का राख्नुपर्छ र सोबमोजिम कुनै ऋणको रकम रोक्का गर्नु परेमा सो ... असूल गर्ने व्यक्ति नियुक्त गर्ने र सो ऋण अदालतको आदेश विना कसैलाई नबुझाउनु भनी ऋणीलाई आदेश दिनुपर्छ ।

(४) सम्पत्ति रोक्का भएको तीन महीनाभित्र सो सम्पत्तिमा आफ्नो हक देखाई कसैले रोक्का गर्ने अदालतमा उजूर गरेमा सो अदालतलाई प्रचलित नेपाल कानूनबमोजिम सम्पत्तिको हक बेहकको निर्णय गर्ने अधिकार भए सोही अदालतले तत्सम्बन्धी निर्णय गर्ने र त्यस्तो अधिकार नभए अधिकार प्राप्त अदालतमा सो उजूरी पठाइदिनुपर्छ ।

(५) उप-दफा (४) बमोजिम कुनै अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो अदालतको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१४७. सम्पत्ति लिलाम विक्री गर्दा जीवीकोपार्जनको लागि आवश्यक कुराहरू छुटचाई लिलाम विक्री गर्ने : (१) बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम बापत कसूरदारको सम्पत्ति लिलाम विक्री गर्दा निजको जीवीकोपार्जनको लागि नभई नहुने मालसामानहरू, खाने पकाउने भाँडा, ओड्ने र लगाउने कपडा र छ महीनासम्म खान पुग्ने अन्न छुटचाएर बाँकी रहेको सम्पत्ति मात्र प्रचलित नेपाल कानूनबमोजिम लिलाम विक्री गर्नुपर्छ ।

तर फरार रहेको कसूरदारको सम्पत्ति लिलाम विक्री गर्दा यो उप–दफाबमो... कुनै कुरा छुटचाउनु पर्दैन ।

(२) सम्पत्ति रोक्का राख्ने सिलसिलामा दफा १४६ को उप-दफा (१) बमोजिम छुटचाउनु पर्ने सम्पत्ति पहिले नै छुटचाई सकेकोमा बाहेक यो दफाबमोजिम कसैको सम्पत्ति लिलाम विक्री गर्दा सो उप-दफामा उल्लेख भएबमोजिमको सम्पत्ति र रकमहरू समेत छुटचाउनुपर्छ ।

१४८. दसौद र बीसौद असूल गर्ने : अन्य प्रचलित नेपाल कानूनमा अन्यथा लेखिएकोमा बाहेक फैसलाबमोजिम बिगो भराउंदा देहायबमोजिमको दस्तूर असुल गर्नुपर्छ :–

(क) बिगो भरी पाउने व्यक्तिबाट निजलाई भराएको बिगोको सयकडा दश, र

(ख) बिगो भर्नुपर्ने व्यक्तिबाट भराइएको बिगोको सयकडा पाँच ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४९. भरी भराउका सम्बन्धमा तारीख तोक्ने व्यवस्था : फैसलाबमोजिम बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भरी भराउ गराई दिनु पर्ने सम्बन्धमा तारीख तोक्दा कुन कामको लागि कहिलेको तारीख तोकिएको हो खुलाई तोक्नुपर्छ । सोबमोजिम तोकिएको तारीखमा भरी भराउ गरी पाउने व्यक्ति अनुपस्थित भएमा भरी भराउ गराइने छैन ।

तर सोबमोजिम तोकिएको तारीखमा आफू उपस्थित हुन नसकेको कुनै मनासिब कारण देखाई सो व्यक्तिले पन्ध्र दिनभित्र निवेदन दिएमा फैसलाबमोजिम भरी भराउ गराइदिनुपर्छ ।

१५०. थुनुवा वा कैदीलाई छोड्दाको कार्यविधि : अदालतले फैसलाबमोजिम कुनै थुनुवा वा कैदीलाई छोड्नु पर्दा छाड्नु पर्ने कारण र कैदी वा थुनुवाको पूरा ठेगाना र नाम खोली सम्बन्धित कारागारलाई आदेश पठाउनुपर्छ ।

तर थुनुवा वा कैदी अदालतमा उपस्थित रहेकोमा फैसला भएपछि तत्काल निजलाई छोडी दिई सो कुराको सूचना सम्बन्धित कारागारलाई दिनुपर्छ ।

१५१. रोक्का रहेको सम्पत्ति फुकुवा गर्दा सूचना दिने : यो संहिताबमोजिम रोक्का रहेको सम्पत्ति फुकुवा गर्दा सम्बन्धित कार्यालय र व्यक्तिहरूलाई त्यस्तो सूचना दिनुपर्छ ।

## परिच्छेद–१५

## विविध

१५२. अदालतको दैनिक काममा प्राथमिकताको क्रम : अदालतको दैनिक कामका देहायको क्रमानुसार प्राथमिकता दिई मुद्दाको कारवाई गर्नुपर्छ :–

(क) पूर्पक्षको लागि थुनामा रहेका व्यक्तिहरूको मुद्दासम्बन्धी कारवाई,

(ख) अशक्त, नाबालक, पचहत्तर वर्ष माथिका व्यक्ति वा महिला वादी वा प्रतिवादी भएको मुद्दासम्बन्धी कारवाई, र

(ग) दर्ताको क्रमबाट पहिलो दर्ता भएको मुद्दासम्बन्धी कारवाई ।

१५३. लिखतहरूको पञ्जिका : प्रत्येक मुद्दामा अनुसूची ३० मा तोकिएको ढाँचाबमोजिमको पञ्जिका खडा गरी दर्ता मितिको क्रमले लिखतहरूको क्रमसंख्या र विवरण जनाई मिसिल सामेल राख्नुपर्छ ।

१५४. लिखत रद्दी गर्ने : मुद्दाको अन्तिम निर्णय भएको पाँच वर्षपछि सो मुद्दाको मिसिलमा रहेको देहायका लिखतहरू बाहेक अरू सबै लिखतहरू मिसिलबाट हटाई रद्दी गरिदिनु पर्छ :–

(क) उजुरी,

(ख) अभियुक्तको बयान वा प्रतिउत्तरपत्र,

(ग) प्रमाणका सक्कल लिखतहरू, र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) फैसला वा अन्तिम निर्णय ।

स्पष्टीकरण : यस दफाको तात्पर्यका लागि पुनरावेदन परेको फैसलाको सम्बन्धमा पुनरावेदन सुन्ने अदालतबाट भएको निर्णय र साधक जाहेर भएको फैसलाको सम्बन्धमा साधकको फैसला गर्ने अधिकार प्राप्त अदालतबाट भएको निर्णयलाई अन्तिम निर्णय सम्झनुपर्छ ।

१५५. नेपाली भाषा बाहेक अन्य भाषामा लेखिएको प्रमाणको लिखतको अनुवाद : नेपाली भाषा बाहेक अन्य कुनै भाषामा लेखिएको कुनै लिखत प्रमाणको रूपमा पेश भएमा अदालतले लिखत पेश गर्ने पक्षलाई त्यसको नेपालीमा अनुवाद पेश गर्ने आदेश दिन सक्नेछ ।

१५६. दोभाषे वा अनुवादकको नियुक्ति र पारिश्रमिक : (१) नेपाली भाषा नबुझ्ने कुनै अभियुक्तको बयान लिनु परेमा अदालतले दोभाषे नियुक्त गर्न सक्नेछ । यसरी नियुक्त भएको दोभाषेलाई मनासिव माफिकको पारिश्रमिक अदालतले भराई दिनेछ ।

(२) नेपाली भाषा नबुझ्ने कुनै साक्षीको बयान लिनु परेमा अदालतले दोभाषे नियुक्त गर्न सक्नेछ र यसरी नियुक्त भएको दोभाषेलाई जुन पक्षको साक्षी हो सो पक्षबाट मनासिव माफिकको पारिश्रमिक अदालतले भराई दिन सक्नेछ ।

(३) अदालतलाई कुनै अनुवादकको सेवाको आवश्यकता परेमा अदालतले अनुवादक नियुक्त गर्न सक्नेछ र यसरी नियुक्त भएको अनुवादकलाई अदालतले मनासिव माफिकको पारिश्रमिक दिनुपर्छ ।

१५७. भेद साक्षीलाई क्षमा प्रदान गर्ने : (१) यो संहिता वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि छ वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची २ मा उल्लिखित कुनै अपराधमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले मुछिएको कुनै व्यक्तिलाई अदालतले मुद्दाको कारवाईको जुनसुकै अवस्थामा पनि सरकारी अभियोक्ताको सिफारिशमा सो अपराधसंग सम्बन्धित प्रत्येक व्यक्ति, तथ्य एवं परिस्थितिको सम्बन्धमा अदालतलाई यथार्थ जानकारी दिने शर्तमा मुद्दा नचलाउने गरी क्षमा प्रदान गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम अदालतले कुनै व्यक्तिलाई क्षमा प्रदान गरेपछि निजको सम्बन्धमा मुद्दाको कारवाई समाप्त गरिदिनु पर्छ ।

(३) उप-दफा (१) बमोजिम अदालतले कुनै व्यक्तिलाई क्षमा प्रदान गरेकोमा कारण सहित सो कुराको पर्चा खडा गर्नुपर्छ र कुनै व्यक्तिले अदालतद्वारा गरिएको क्षमा स्वीकार नगरेमा सो कुरा समेत पर्चामा उल्लेख गर्नुपर्छ ।

(४) उप-दफा (३) बमोजिम खडा गरिएको पर्चाको नक्कल अभियुक्तले चाहेमा बिना दस्तूर निजलाई दिनुपर्छ ।

(५) उप-दफा (१) बमोजिम अदालतबाट प्रदान गरिएको क्षमा स्वीकार गर्ने व्यक्तिलाई साक्षीको रूपमा बुझिनेछ र सो व्यक्ति धरौट वा जमानतमा रहेकोमा बाहेक मुद्दाको किनारा नभएसम्म निजलाई कारागारमा थुनामा राखिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उप-दफा (१) बमोजिम क्षमा प्रदान भएको व्यक्तिले शर्त अनुसार सबै कुरा साँचो बताएन वा जानी जानी कुनै कुरा लुकायो भनी सरकारी अभियोक्ताले निवेदन दिएमा अदालतले सो व्यक्तिको सम्बन्धमा मुद्दाको कारवाई फेरि शुरू गर्न सक्नेछ।

तर –

(क) निजको पूर्पक्ष अन्य सह-अभियुक्तको साथमा गरिने छैन ।

(ख) निजले सबै कुरा साँचो बताएको छ भनी पूर्पक्षमा जिकीर लिन सक्नेछ । निजले त्यस्तो जिकीर लिएमा अदालतले पहिले सो कुराको निर्णय गर्नुपर्छ ।

(ग) निजले सबै कुरा साँचो बताएन वा कुनै कुरा लुकायो भनी प्रमाणित गर्ने भार सरकारी अभियोक्ता उपर हुनेछ ।

१५८. नक्कल दिने: सरोकारवाला व्यक्तिले कुनै मुद्दाको मिसिलमा रहेको कुनै लिखतको नक्कल लिन चाहेमा प्रचलित नेपाल कानूनबमोजिम नक्कल लिन सक्नेछ ।

१५९. न्यायाधीशले आफ्नो वा आफ्नो नातेदारको स्वार्थ भएको मुद्दा हेर्न नहुने: न्यायाधीशले आफ्नो वा आफ्नो नातेदारको स्वार्थ निहित भएको वा कुनै बखत आफू वारिस, वकील वा साक्षी भएको वा आफूले न्यायाधीश भै निर्णय गरेको मुद्दा हेर्नु हुँदैन ।

स्पष्टीकरण: यस दफाको तात्पर्यका लागि "नातेदार" भन्नाले अपुताली परे खान पाउने नाताको व्यक्ति वा मामा, माइज्यू, सानी आमा, ठूली आमा, सानु बाबु, ठूलो बाबु, सासु, ससुरा, फुपू, फुपाजु, जेठान, साला, साली, मित, दिदी, बहिनी, छोरी, भिनाजु, बहिनी ज्वाईं, छोरी ज्वाईं, भानिज, भान्जी, भान्जी बुहारी, आमाका बाबु, आमाकी आमा वा त्यस्तो नाता पर्ने व्यक्तिको एकाघरसंग बसेको कुनै व्यक्तिलाई सम्झनुपर्छ ।

